मञ्जुश्री बुद्धक्षेत्रगुणव्यूहालंकार सूत्र

Mañjuśrī Buddhakṣetraguṇavyūhālaṅkāra Sūtra



अनुवादक

मीन बहादुर शाक्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



MANJUSRI BODHISATTVA

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



MANJUSRI BODHISATTVA

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मञ्जुश्री बुद्धक्षेत्रगुणव्यूहलंकार सूत्र

The Prediction of Manjusri's Attainment of Buddhahood

अनुवादक:

मीन बहादुर शाक्य

प्रकाशक:

नेपाल बौद्ध ग्रन्थ अनुवाद परियोजना
नागार्जुन बौद्ध अध्ययन संस्थान
पो. ब. नं १००, ललितपुर, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Buddhist Text Translation Series-17
बौद्ध ग्रन्थ अनुवादक्रम-१७

प्रकाशक:

नेपाल बौद्ध ग्रन्थ अनुवाद परियोजना
नागार्जुन बौद्ध अध्ययन संस्थान
पो. ब. नं १००, ललितपुर, नेपाल

पहिलो संस्करण: १००० प्रति

बुद्ध सं. २५४५
ने.स. ११२३
वि.सं. २०५९
ई.सं. २००३

आवरणचित्र: पञ्चशिर्ष पर्वत (Mt. Wu Tai Shan)

मूल्य: रू. ६०/-

मुद्रक:
न्यू नेपाल प्रेश
प्रधान कार्यालय: नक्साल, नागपोखरी, पोष्ट वक्स नं ८९७५ इ.पि.सी ५४१४, काठमाडौं नेपाल। फोन: ४३४८५०, ४३७५५३
व्यापारिक कार्यालय: शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन: २५९०३२, २५९४५०, फ्याक्स: (९७७-१)२५८६७८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

May the infinitely keen edge
of Manjusri's sword
eliminate all dichotomies.
May the merit arising from
this publication be offered for
the sake of all sentient
beings, beginning with my
parents and teachers.

— **William Douglas**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बोधिसत्व मञ्जुश्रीको प्रज्ञारूपी
तलवारले सबै विकल्पहरूलाई
नष्ट पारिदिओस् । यस
ग्रन्थको प्रकाशनबाट हुने पुण्य
मेरा मातापिता लगायत सबै
सत्वहरूले बोधिप्राप्त गरून् ।

– विलियम डग्लास्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Manjusribuddhaksetragunavyuhalankara Sutra

1.Sources

The *Manjusribuddhaksetragunavyuhalankara sutra* is an important sutra among the 49 or so texts in the Ratnakuta collection. While it is lost in Sanskrit, it has been preserved in both Chinese and Tibetan. In the Tohoku catalogue of the Tibetan canon, this text is numbered 59 and titled *Arya Manjusribuddhaksetra gunavyuhanama mahayana sutra.* The Tibetan title is given as *hPhags-pa hJam-dpal gyi sans-rgyas-kyi shin-gi yon tan bkod-pa shes-bya-ba theg-pa chen pohi mdo.*It was translated into Tibetan from Sanskrit by Silendrabodhi, Jinamitra and Ye-ses sde.

In Bunyo and Nanjio's catalogue of the Chinese Buddhist Tripitaka it is numbered 23 (15) in the Ratnakuta section. The Chinese title is given as *Wan-shu-sh'-li-sheu-ki—hwui.* It was translated by Siksananda of the Tang dynasty, A.D 618-907, 3 fasciculi (fasc.58-60)

The first English translation was published in 1983 in Garma C.C. Chang's *A Treasury of Mahayana Sutras* (Institute of Advanced studies of World Religion, New York) as 'The Prediction of Manjusri's attainment of Buddhahood'. This Nepali translation is based on Chang's English text. Among the many Buddhist sutras and tantras relating to Manjusri Bodhisattva, we might list the following as the best known:

1.Manjusrimulakalpa
2.Manjusrinamasangiti
3.Manjusribuddhaksetragunavyuhalankara sutra
4.Manjusrinirdesh
5.Manjusripariprccha
6.Manjusrivikurvanaparivarta
7.Manjusrivikridita sutra
8. Vimalakirtinirdesha

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

II. History of the Bodhisattva Manjushri in Nepal

Stories of Manjusri are found across the Mahayana Buddhist world. In Nepal, a distinctive tradition of Manjusri stories is preserved within the several texts collectively known as the *Svayambhu Purana*. The legends of Bodhisattva Manjusri—according to Svayambhu Purana—date back to pre-historical period, an epoch previous to the present Iron Age. It is impossible, on the basis of these sources, to write an account of some historical figure from whom the stories of Manjusri might be derived.

However, according to the *Svayambhu Purana* the Bodhisattva Manjusri came from China where he is traditionally said to live on the Five-Peaked mountain, Wu-ta'i shan (Skt. Panch sirsa parvat). He came to the Kathmandu valley during the time of Buddha Krakuchchanda in order to drain the Nagahrad Lake and thus make the Kathmandu valley a habitable land.

In the same cycle of stories, we encounter the Brahman Buddhist pandit Dharmasrimitra. He was a teacher at the great monastic university Vikramashila, in India. In order to learn the secret meaning of twelve letters or mantras within the *Manjusrinamasangiti*, he set out for Nepal to ask for Manjusri's own teaching. We may presume the dates of the 9th century for Vikramashila Monastery, because it was in the time of King Dharmapala that Vikramashila monastery was built under the direction of Master Haribhadra, a great commentator of Prajnaparamita texts. King Dharmapala appears to have endowed the monastery with support for a faculty of108 panditas, one of whom would have been Dharmasrimitra. Vikramashila closed as a result of political instability in the later 12th and early 13th centuries, and never reopened. From this we may deduce that the cult of Manjusri at Svayambhu was already well established by the time of Dharmasrimitra, sometime between the 9th and 12th centuries.

The growth of Manjushri legends in Svayambhu Purana from 13th and15th centuries may reflect the fact that Nepal was cut off from its

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

southern neighbor, India, traditionally the source of Nepalese Buddhism, and looked instead to northeastern Asia. It was during this period that the relation between Nepal and China was at its height.

What, then, can we say about Manjushri as an historical figure? Manjushri was one of the great eight bodhisattvas renowned for his wisdom. According to Buddhist tradition these high ranking bodhisattvas have already attained enlightenment or Buddhahood, yet for the sake of all sentient beings, they utilize skillful means to manifest as disciples of Buddha Shakyamuni. Manjusri's in the Shakyamuni Buddha's assembly is mentioned in number of Prajnaparamita Sutras. High-ranking Bodhisattvas have capacity to manifest in any form or human or non-human. We might speculate that Manjusri manifested as a Buddhist master named Manju Deva Acharya in northern India, Central Asia or China, who came to the Kathmandu valley around 9th or 10th century.

It would be improper to think that a great bodhisattva such as Avalokiteshvara or Manjushri was a historical figure who was born in this earth and passed away in the manner of the Buddha Shakyamuni. Just as the Dalai Lama of Tibet is considered as emanation of Avalokiteshvara, there are said to have been many emanations of Bodhisattva Manjusri. Among the Tibetan schools, Sakya Pandita, Tsong Khapa and Long Chen Rab jam pa are regarded as emanations of Manjusri. These are all historical persons who have well defined biographies. Manjudeva of Wutai Shan may also have been an historical figure regarded as an emanation of Manjusri. Within the Nepalese (or 'Newar') Buddhist lineages, Jamuna Gubhaju (17th century?) of Patan is traditionally said to have been an incarnation of Manjushri, and was therefore also called Manjudeva.

III.Acknowledgement

It is my great pleasure to extend my heartfelt gratitude to our Patron, Mr. William Douglass and his family, who sponsored this important

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

sutra for disseminating to Nepalese readers. His constant advice and association was very fruitful academically and a great source of inspiration to work in these meritorious activities.

Finally to my son Milan and Miroj who not only assisted in my translation of this text but also set the entire manuscript, did the proof reading, type setting and cover design completely I 'd like to thank him from the depths of my heart.

Lastly, to Mr. Bijay Man Singh Tuladhar and his staff who printed this text efficiently and in time, I owe a special debt of thanks to them.

Min Bahadur Shakya
Chakupat, Lalitpur
Shri Panchami
February 2003

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मञ्जुश्रीबुद्धक्षेत्रगुणव्यूहलंकार सूत्र

१) श्रोतहरु

मञ्जुश्रीबुद्धक्षेत्रगुणव्यूहलंकार सूत्र तिव्वती त्रिपिटक अन्तर्गतको रत्नकूट सूत्रसंग्रहका विभिन्न महत्वपूर्ण सूत्रहरूमध्ये एक मानिन्छ। रत्नकूट सूत्रसंग्रहमा ४९ भन्दा बढी सूत्रहरूको संग्रह रहेको पाइन्छ। यसको संस्कृतमूल लोप भए पनि चीन र तिब्बती भाषामा भने यसलाई अहिलेसम्म संरक्षित गरिराखेको पाइन्छ।

तोहोकु इम्पेरियल युनिभर्सिटि, सेन्दाई, जापानद्वारा प्रकाशित "तिव्वती कन्जुर सूचिपत्र" मा यस ग्रन्थलाई "आर्य मञ्जुश्रीबुद्धक्षेत्रगुणव्यूहनाम महायान सूत्र" नामक शीर्षकले ५९ औं क्रम संख्यामा सूचिकृत गरिएको छ। यसलाई श्री शैलेन्द्रबोधि, जिनमित्र तथा येशे दे ले संस्कृतबाट तिव्वती भाषामा अनुवाद गरेका थिए।

आर्य मञ्जुश्रीबुद्धक्षेत्रगुणव्यूहनाम महायान सूत्रलाई तिव्वती भाषामा "फाग्पा जाम्पाल गि सांगे कि शिंगि योन्तेन कोयपा शे भया वा थेग्पा छेनपोइ दो" भनिन्छ।

बुनियो नान्जियोद्वारा संकलित "चिनिया बौद्ध त्रिपिटक सूचिपत्र" मा यस सूत्रको स्थान २३ सौं क्रम संख्यामा रहेको छ। यसको चीनिया शीर्षक हो :
वन् शु श लि श्यु चिङ्ग क्वे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन् ६१८–९०७ ई.मा यसलाई ताङ्ग वंशका शिक्षानन्दले अनुवाद गरेका थिए ।

सन् १९८३ मा यसको अंग्रेजी अनुवाद पहिलो चोटि "A Treasury of Mahayana Sutra (महायान सूत्र निधि)" अन्तर्गत "The Prediction of Manjushri's attainment of Buddhahood" को नामले द इन्स्टिच्यूट अफ अद्भान्स स्टडि अफ वर्ल्ड रेलिजियन, न्यूयोर्कले प्रकाशन गरेका थिए । प्रस्तुत ग्रन्थ त्यही अंग्रेजी संस्करणलाई नेपाली भाषामा गरिएको अनुवाद हो ।

मञ्जुश्री बोधिसत्वसँग सम्बन्धित धेरै बौद्धसूत्र र तन्त्र ग्रन्थहरू पाइन्छन् । यी मध्ये केही देहायबमोजिम छन् ।

१. मञ्जुश्रीमूलकल्प
२. मञ्जुश्रीनामसङ्गीति
३. मञ्जुश्रीबुद्धक्षेत्रगुणव्यूहलंकार सूत्र
४. मञ्जुश्रीनिर्देश
५. मञ्जुश्रीपरिपृच्छा
६. मञ्जुश्रीविकुर्वनपरिपृच्छा
७. मञ्जुश्रीविकृदित सूत्र
८ मञ्जुश्रीपरिवर्त आदि

ख. बोधिसत्व मञ्जुश्रीको इतिहास

बोधिसत्व मञ्जुश्रीका बारेमा विभिन्न र असंख्य पौराणिक कथा तथा विवरणहरू महायान बौद्ध जगतमा पाइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मञ्जुश्रीका कथाहरूको एक विशेष परम्परा विभिन्न प्रकारका ग्रन्थहरु सामूहिक रुपले स्वयम्भू पूराणको नामले सुरक्षित राखिएको भेट्टिन्छन्।

स्वयम्भू पुराणका अनुसार मञ्जुश्रीका पौराणिक कथाहरू प्राग ऐतिहासिक कालताकाका हुन भनेर मानिन्छ। यी श्रोतहरूको आधारमा मात्रै मञ्जश्रीको ऐतिहासिक व्यक्तित्वको विवरण दिन सकिने अवस्था छैन वा असम्भव प्रायनै हुन आउंछ।

जे भए पनि स्वयम्भू पुराणका अनुसार मञ्जुश्री बोधिसत्व महाचीनवाट आउनु भएको थियो। उहाँ ऊ ताइ सान अर्थात पञ्चशीर्ष पर्वतमा बस्नुहुन्थ्यो। क्रकुच्छन्द बुद्धको कालमा उहाँ काठमाण्डौ आएर यहाँको नागन्हद सरोवरको पानीलाई बाहिर पठाई काठमाण्डौ उपत्यकालाई बस्तीयोग्य भूमि बनाइदिनुभएको तथ्य उल्लेख भएको पाइन्छ।

त्यही ग्रन्थमा के पनि उल्लेख गरेको पाइन्छ भने त्यसबेला धर्मश्रीमित्र भन्ने एकजना पण्डित भारतस्थित विक्रमशील बौद्ध महाविहारका प्राध्यापक थिए। नामसंगीति ग्रन्थको द्वादशाक्षर मन्त्रको गुह्य अर्थ सुन्न मञ्जुश्रीलाई खोज्दै उनी काठमाण्डौ आए।

विक्रमशील बौद्ध महाविहारलाई हामीले नवौं शताव्दी ताकाको हो भनेर मान्न सक्छौ। किनभने राजा धर्मपालको समयमै प्रज्ञापारमिता ग्रन्थका महाभाष्यकार आचार्य हरिभद्रको निर्देशनमा विक्रमशील बौद्ध विहारको निर्माण गरिएको थियो। राजा धर्मपालले विहारका १०८ जना भिक्षुहरूलाई मनग्ये सेवा तथा दानहरू चढाएको देखिन्छ। ती १०८ जना भिक्षुहरू मध्ये एक धर्मश्री मित्र पनि हुन सक्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विक्रमशील महाविहार भने राजनैतिक उथलपुथलले गर्दा १२ औं १३ औं शताब्दिमै वन्द भएको थियो र फेरि कहिल्यै खुलेन । यसवाट हामीले के निष्कर्ष निकाल्न सक्छौ भने धर्मश्रीमित्रको समयमा अर्थात नवौं देखि बाऱ्हौं शताब्दिको बिचमा मञ्जुश्रीको सांस्कृतिक प्रथा सुनियोजित रूपले स्थापित भइ सकेको देखिन्छ ।

स्वयम्भू पूराणमा ईशाको १३–१५ शताब्दीदेखि मञ्जुश्रीका कथाहरुमा आएको अभिबृद्धिबाट हामीलाई यो अडकल निकाल्न करै लाग्छ । किनभने नेपाल उपत्यकामा दक्षिणी छिमेकी देश भारतबाट भइरहेको धर्मको प्रवाह रोकिएपछि त्यसले उत्तरी छिमेकी देशको मुख ताक्नु परेको हुन सक्छ वा महाचीनसँग जोड्न गएको हो । त्यसताका नेपाल र चीन बिचको सम्बन्ध निकै फस्टाउदो अवस्थामा थियो ।

मञ्जुश्रीको ऐतिहासिक ब्यक्तित्व वारेमा के भन्न सकिन्छ त ?

मञ्जुश्री आठ महा बोधिसत्वहरूमध्ये एक हुन् र उनी प्रज्ञाको लागि प्रसिद्ध छन् । बौद्ध परम्परा अनुसार यी उच्च भूमि प्राप्त बोधिसत्वहरूले पहिले नै बोधिज्ञान वा बुद्धत्व प्राप्त गरिसकेका हुन्छन् । तर सत्वहरूको कल्याणार्थ उनीहरूले शाक्यमुनि बुद्धका शिष्यका रूपमा उपायकौशल्य प्रदर्शन गरिराखेका हुन्छन् । शाक्यमुनि बुद्धको परिषदमा मञ्जुश्रीको उपस्थिति भएको थुप्रै प्रज्ञापारमिता सूत्रहरूमा उल्लेख गरिएको पाइन्छ ।

उच्च भूमिस्थ बोधिसत्व भएका नाताले उनीहरूमा मनुष्य वा अमनुष्य वा जुनसुकै रूपमा प्रकट हुने क्षमता छ । उनी उत्तरी भारत वा मध्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एशिया वा चीनबाट मञ्जु देव आचार्यको रूप लिएर नवौ–दशौ शताव्दीमा काठमाण्डौ आएको हुनसक्छ।

अवलोकितेश्वर वा मञ्जुश्री बोधिसत्वलाई शाक्यमुनि बुद्धले जस्तै यस पृथ्वीमा जन्म लिएर निर्वाण प्राप्त गरेका ऐतिहाँसिक व्यक्तित्वको रूपमा लिन मिल्दैन। जसरी दलाई लामालाई अवलोकितेश्वर बोधिसत्वको निर्माणकायको रूपमा मानिन्छ त्यसरी नै मञ्जुश्रीका पनि धेरै निर्माणकायहरू हुन्छन्। उदाहरणार्थ, तिव्वतका शाक्य पण्डित, लामा चोङ्ग खापा र लोङ्ग चेन राब् जाम्पा लाई मञ्जुश्रीको निर्माणकाय मानिन्छ। हामीले यी निर्माणकायहरूलाई इतिहाँसको विभिन्न समय (पाना) हरूमा भेट्न सक्छौ। त्यसरी नै उ ताइ शानका मञ्जुदेव पनि तिनीहरूमध्ये एक हुन् । नेपालमा पाटनका जामुन गुभाजु (सत्रौ शताब्दी ?) लाई पनि मञ्जुश्रीकै एक निर्माणकायको रूपमा विश्वास गरिन्छ। त्यही कारणले उनलाई मञ्जुदेव भनिएको हुनुपर्छ।

ग. आभार

यस महत्वपूर्ण सूत्रलाई प्रायोजन गरी नेपाली पाठकवर्गसामु उपलब्ध गराइदिनुभएकोमा म नागार्जुन बौद्ध अध्ययन संस्थानका संरक्षक सदस्य वल्फसन कलेज, अक्सफोर्ड युनिभर्सिटिका श्री विलियम बि. डग्लास र उहाँका परिवारलाई हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। उहाँको निरन्तर सल्लाह र सत्संगत मेरो लागि प्राज्ञिकतवरले निकै फलदायक सिद्ध भएको मात्र नभई यस्ता पुणित कार्यहरूमा अरू उत्साह उमङ्गका साथ लाग्न मलाई थप प्रेरणा पनि मिलेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

म मेरो छोरो मिलन र मिरोज शाक्यलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। उनीहरूले यस ग्रन्थको अनुवादमा मलाई सहायता गर्नुको साथै प्रुफ रिडिङ्ग, टाइप सेट्टिङ्ग र पूरा आवरणपृष्ठ डिजाइन गरि यस ग्रन्थलाई तयार गरिदिएका हुन्।

अन्तत, म न्यू नेपाल प्रेसका श्री विजय मान सिंह तुलाधर र उहाँका कर्मचारीहरूलाई यस ग्रन्थलाई समयमै र उत्कृष्ट ढाँचामा निकालिदिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

मीन बहादुर शाक्य

चाकुपाट, ललितपुर,

श्रीपंचमी

नेसं ११२३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मञ्जुश्री बुद्धक्षेत्रगुणव्यूहलंकार सूत्र

The Prediction of Manjusri's Attainment of Buddhahood

प्रथम परिवर्त

मैले यस्तो सुनेको छु । एक समय भगवान बुद्ध राजगृह नगरस्थित गृद्धकूट पर्वतमा विराजमान हुनुहुन्थ्यो । उहाँको साथमा एक हजार महाश्रावकहरू, बोधिसत्व मञ्जुश्री, अवलोकितेश्वर तथा महास्थामप्राप्त सहित चौरासी हजार बोधिसत्वहरू थिए ।

त्यस बेला, राजगृह नगरका राजा, मन्त्रीहरू, चतुर्परिषद (भिक्षु, भिक्षुणी, उपाशक र उपाशिका), देवगणहरू, नागहरू, यक्षगण, मनुष्य, अमनुष्य आदिहरूले बडो प्रतिष्ठा तथा सम्मानपूर्वक तथागतलाई वस्त्र, भोजन, पेय, विछ्यौना, औषधी तथा अन्य जीवनका आवश्यक सर सामग्रीहरू दानस्वरूप चढाए ।

एका विहान, भगवान बुद्ध लाखौ भिक्षु तथा देवगणहरूका साथमा आफ्नो चीवर वस्त्र पहिरिई, पिण्ड पात्र हातमा लिएर राजगृह नगर स्थित राजा अजातशत्रुको राजदरवारतर्फ आफ्नो पाइला बढाउनु भयो । भगवान बुद्धको अत्यन्तै आश्चर्यलाग्दो ऋद्धिबलद्वारा विभिन्न अद्‌भूत वर्णले सजिएका लाखौं रस्मिहरू अनायास चम्के । लाखौं साँगितिक बाजाहरू एकैसाथ बज्न थाले । नील पद्‌म, श्वेत पद्‌म र विशाल श्वेत पद्‌म जस्ता अति राम्रा राम्रा पुष्पहरूको प्रचुर वर्षा भए ।

तथागतका अत्यन्तै आश्चर्यलाग्दो ऋद्धिबलद्वारा बुद्धले जहाँ जहाँ टेक्नुहुन्थ्यो, त्यहाँ रथका पाङ्ग्रा जतिकै ठूला अति दूर्लभ पद्‌महरू उत्पन्न भए । ती पद्‌मका डांठ चाँदीको थियो भने पत्रहरू पूरै सूनकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थिए र पराग वैदूर्य मणिका थिए । हरेक पद्मासनमाथि ऋद्धिद्वारा निर्मित एक एक जना बोधिसत्व ध्यानमुद्रामा बसिरहेका थिए । आफ्नो आसनबाट नउठीकनै यी निर्मित बोधिसत्वहरूले पूरै राजगृह नगरलाई दाँयाबाट सातपल्ट परिक्रमा गर्दै त्यहाँका नगरवासीहरू लाई निम्न गाथाहरु सुनाए ।

"शाक्यवंशका कुलपुत्रले,
महान सार्थवाहले झै
सत्वहरूलाई कल्याण तथा सुख प्रदान गर्नु हुन्छ, र
सुरक्षित पार्नुहुन्छ ।

उहाँसंग महान एवं अचिन्त्य गुण तथा शान्तिपूर्ण चित्त छ ;
उहाँ मनुष्यहरुका शरणका स्थान हुनुहुन्छ ।
उहाँ अहिले नगरप्रवेश गर्दै हुनुहुन्छ ।

जरामरणका दु:खहरूबाट मुक्ति चाहने
दिव्य सुख भोगन चाहने
र मारगणलाई परास्त गर्न चाहने
सबै सत्वहरु यी अद्भूतरूपले सुभाषित लोकनाथको सनिक्कट
हुनुपर्छ ।

उहाँको नाम मात्र सुन्न पाउनु पनि अति दूर्लभ छ, र अहिले उहाँ नै आउदै हुनुहुन्छ !

उहाँले लांखौ कल्पहरूसम्म कुशलमूलका अभ्यासहरू गर्नुभएको छ ।
अहिले महाकरूणाबाट अभिप्रेरित हुनुभई उहाँ यस लोकमा
आउनुभएको छ ।
भगवान बुद्ध नगर प्रवेश गर्दै हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वस्त्र, भोजन र पेयको त के कुरा
आफ्नै सन्तान, पत्नी, सिँहासन, आफ्नै शिर,
नेत्र, कान, नाक, हात तथा खुट्टाहरू समेत दान दिएर
उहाँले दानको अप्रमेय तथा असीम अभ्यास गर्नुभएको छ।

दानद्वारा उहाँले अप्रमेय पुण्य कमाउनुभएको छ
र अनुत्तर सर्वज्ञ ज्ञान बोध गर्नुभएको छ।
दानद्वारा उहाँले आफ्नो मनलाई वशमा पार्नुभई
आफ्ना कुशलमूलका अभ्यासहरूलाई दरिलो पार्नुभएको छ।

नरोत्तम भएका उहाँले शुद्ध शील धारण गर्नुभएको छ
र क्षान्तिद्वारा असंख्य पुण्य लाभ गर्नुभएको छ।
सदा शान्त रहेका मुनि नगरप्रवेश गर्दै हुनुहुन्छ।

दु:खीत सत्वहरूप्रति गम्भीर चिन्ता लिनुहुँदै
करोडौ कल्पहरूसम्म उहाँले वीर्यको अभ्यास गर्नुभएको छ :
उहाँले सबै थकानहरू विर्सनुभएको छ।
उहाँले अप्रमेय, विशुद्ध ध्यान पारमिता लाभ गर्नुभएको छ :
शुद्ध वचन हुनु भएका उहां नगरप्रवेश गर्दै हुनुहुन्छ।

उहाँको प्रज्ञा अप्रमेय, अनुत्तर र आकाश सरी अनन्त छ।
नरहरूमा उत्तम भएका उहाँ (भगवान बुद्ध) को शील पनि उत्तिकै
अप्रमेय अनुत्तर तथा अनन्त छ।

उहाँले सबै कुशलमूलहरू विशुद्ध प्रज्ञाद्वारा अभ्यास गर्नुहुन्छ ;
उहाँले मारगणलाई दमन गरेर सत्वहरूलाई रक्षा गर्नुहुन्छ।
उहाँ विकल्परहित, अचल अवस्थामा रहनु सक्नु हुन्छ ;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेजोड भएका धर्मराजले धर्मचक्र प्रर्वत्तन गर्नुहुन्छ।
शाक्यसिँह नगरप्रवेश गर्दै हुनुहुन्छ।

बत्तीस लक्षणले युक्त बुद्ध भइ
यस लोकमा उत्पन्न हुन चाहने सत्वहरूले
महा बोधिचित्तोत्पाद गर्नुपर्छ
र तथागतहरूलाई पूजा गर्नु पर्छ।

राग, द्वेष र मोहलाई सदाको लागि परित्याग गरी
सबै क्लेशहरूबाट मुक्त हुन चाहने सत्वहरूले
शीघ्र नै शाक्यसिँह तथागतको सन्निकट भई
उहाँलाई सबै प्रकारका पूजा चढाउनु पर्छ।

अति शीघ्रनै हजारौ अनुचरगण भएका शक्र
वा ब्रह्मा बन्न चाहने
र स्वर्गको दिव्य महलहरूमा अनन्त सुख भोग गर्न चाहने सत्वहरू
शाक्यसिँह तथागतको सन्निकट हुनुपर्छ।

चतुर्महाद्वीपमा शासन गर्ने र
यथेष्ट सप्तरत्नहरू प्राप्त गरेका
महान चक्रवर्ती सम्राट भई वीर तथा स्वस्थ सहस्र पुत्ररत्नहरू प्राप्त गर्न चाहने सत्वहरूले भगवान बुद्धलाई दान चढाउनुपर्छ।

विशाल तथा अपरिमाण धनसम्पति प्राप्त नगरप्रमुख तथा शासक
र गृहपतिहरू अतुलनीय सौन्दर्य प्राप्त गर्न चाहने सत्वहरूले
शाक्य सिँह तथागतलाई पूजा गर्नु पर्छ।

बुद्धको सार युक्त धर्म उपदेश सुनी
असंख्य सत्वहरूले मुक्ति प्राप्त गरेका छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र अरू सत्वहरूले पनि भविष्यमा प्राप्त गर्नेछन् ।
भगवान बुद्धको दर्शन पाउनु भनेको एक अत्यन्तै दूर्लभ क्षण हो,
त्यसैले उहाँको अमृत समान उपदेश सुन्नुपर्छ र जसले हाम्रा चिन्ताहरू
शान्त पार्छ ।"

यी गाथाहरु सुनेपछि, राजगृह नगरका, असंख्य नरनारीहरु के बुढा के जवान सबैले ज्ञान प्राप्त गरे र धूप, पुष्प, दूर्लभ ध्वज, पताका र अनेक बाजा गाजाहरू लिएर भगवान बुद्धलाई स्वागत गर्न नगरको सीमातर्फ प्रस्थान गरे । हृदय खोलेर उनीहरूले भगवान बुद्धलाई स्वागत सत्कार गरे र उहाँको दर्शन पाएकोमा खुशी भई नाँचे, गाए तथा उहाँलाई बडो आदरपूर्वक पूजा गरे ।

जब भगवान बुद्ध नगरद्वार भित्र प्रवेश गर्नुभयो, पृथ्वी ६ प्रकारले प्रकम्पित भयो, अति राम्रा राम्रा फूलहरू आकाशबाट वर्षन थाले र बाजा गाजाहरू अनायास बज्न थाले । त्यसपछि अन्धोले पुनः दृष्टि पाउन थाले, बहिराले सुन्न थाले, बहुलाहरूको होश फर्क्यो, नाङ्गोहरूले वस्त्र पाए, क्षुधापिडित (भोका) हरूले भोजन पाए तथा गरीबहरूले धन पाए । त्यहाँका नागरिकहरू राग, द्वेष, मोह, मद, मात्सर्यद्वारा पीडित एवं आक्रान्त हुनु परेनन् ; जसरी एउटा पिता आफ्नो छोरोप्रति करुणावान हुन्छ त्यसरी नै उनीहरू एकले अर्कालाई करुणा राख्ने भए । संगीतको लयमा उनीहरूले निम्न गाथा गाए ।

मनुष्यमध्ये श्रेष्ठ हुनु भएका,
दशबल सम्पन्न, नरोत्तम, शाक्यसिँह
सत्वहरूलाई शान्ति र सुख प्रदान गरी कल्याण गर्न
नगर प्रवेश गर्दे हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब अन्धोले पुनः दृष्टि पाउंछन्
बहिराले सुन्न सक्छन्
बहुलाको होश फर्किन्छ,
नाङ्गोले वस्त्र प्राप्त गर्छन्
भोकाले स्वादिष्ट भोजन प्राप्त गर्छन्
तथा गरीबले धन पाउंछन्।

माथि आकाशमा शतसहस्र कोटि देवताहरू
बाजा गाजा घन्काएर बुद्धको पूजा गर्दैछन्
गुणले युक्त तथा दशबलसम्पन्न तथागत
अहिले नगर प्रवेश गर्दै हुनुहुन्छ।

नगरमा छ प्रकारले पृथ्वी प्रकम्पित हुन्छ –
जस्तै समन्त कम्प इत्यादि –
तैपनि एउटा प्राणी पनि डराउँदैन ;
बरू, उनीहरू सबै खुशी नै हुन्छन्।

अब नगरका सत्वहरू राग, द्वेष, मोह, मद
वा मात्सर्यबाट पीडित हुँन्नन् ;
उनीहरूको मन खुशीले गमक्क फूलेको छ,
उनीहरू एक अर्काप्रति माया गर्छन्।
सत्वहरूलाई शान्ति र सुख प्रदान गर्न
बुद्धले शीघ्र नै नगर प्रवेश गरुन्।

भगवान बुद्धले नगरमा प्रवेश गर्नासाथ
महारस्मिहरू फिँजाउनुहुन्छ र
मनुष्य तथा देवताहरूले प्रसन्न चित्तले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाजा गाजाहरू बजाउँछन् ।
यस्ता ऋद्धि प्रातिहार्यहरू भिन्न भिन्न तथा असंख्य छन् ।
देव, मनुष्य तथा असुरहरू सबै भगवान बुद्धलाई आदर गर्छन् ।"

त्यही बखत पापक्षय नामक स्थविरपुत्र बोधिसत्व राजगृहमा बस्दथे । उनी एउटा वाटोमा उभिरहेका थिए । त्यसैबेला उनले पर बत्तीस लक्षण तथा असी व्यञ्जनले युक्त भगवान बुद्धलाई देखे । बुद्धको अनुहार अत्यन्तै सुन्दर थियो, उहाँको आँखा सफा तथा उज्यालो थिए । उहाँका सबै ईन्द्रियहरू पूर्णतया शान्त थिए । उहाँलाई हेर्नेहरू सबैलाई सधै हेरिरहुँ जस्तो लाग्ने गर्छ । आफूलाई पूर्ण नियन्त्रणमा राखी उहाँ शमथमा स्थित हुनुहुन्थ्यो । एउटा राम्रो तालिम पाएको हात्ती सरह उहाँले आफ्ना इन्द्रियहरूलाई राम्रो नियन्त्रण तथा सुरक्षा गरी राख्नुभएको थियो । उहाँको स्मृति सफा गहिरो पोखरी जस्तै सही तथा अबिचलित थियो ।

तथागतका यी सबै लक्षणहरू देखिसकेपछि बोधिसत्व पापक्षयमा तथागतप्रति ठूलो श्रद्धा तथा आस्था प्रकट भयो । उनी गएर बुद्धको चरण कमलमा ढोगे, दाँयाबाट तीनपल्ट परिक्रमा गरे र त्यसपछि एक ठाउँमा गएर उभिरहे । त्यसबेला बुद्धको वरिपरि अनगिन्ति लाँखौ सत्वहरू भेला भए । असंख्य देवताहरू हात जोडि बिन्ती गर्दै सश्रद्धा दण्डवत् गरि आकाशमा बसिरहेका थिए ।

त्यसपछि बोधिसत्व पापक्षयले भगवान बुद्धलाई सोधे, "हे भगवन् ! कसरी कुनै बोधिसत्वले अति शिघ्र बोधि लाभ गरी आफ्नो बुद्धक्षेत्र आफूले चाहेबमोजिम अलंकृत तथा परिशुद्ध गर्न सक्छन् ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्वहरूलाई विनित गर्ने आफ्नो इच्छा र पापक्षय बोधिसत्व प्रतिको करुणाले गर्दा भगवान बुद्धले नगर बजार गई हुलको अगाडि पापक्षय बोधिसत्वंलाई यसरी भन्नुभयो, "हे कुलपुत्र ! बोधिसत्वले एउटा चीज पाएको खण्डमा शीघ्र बोधि लाभ गरेर आफूले चाहेबमोजिम बुद्धक्षेत्रलाई अलंकृत तथा परिशुद्ध गर्न सक्छन् ।

"हे कुलपुत्र ! त्यो चीज के हो त ?

त्यो चीज सत्वहरूप्रति महाकरुणा राखी अध्याशययुक्त महाबोधिचित्त उत्पाद गर्नु हो ।

"अध्याशययुक्त महाबोधिचित्त उत्पाद गर्नु भनेको के हो ? यसको जवाफ हो : जसले बोधिचित्त उत्पाद गर्छ उसले कुनै पनि पाप गर्नु हुँदैन, यहाँ सम्म कि सानो भन्दा सानो पनि पाप गर्नु हुँदैन ।

"कस्तो पापहरू उनीहरूले गर्नु हुन्नन् त ? उनीहरू राग, द्वेष र मोहबाट टाढै रहनुपर्छ । उपाशक उपाशिका भए उनीहरूले विनित आचरण बनाइराख्नुपर्छ र उपद्रव उपहाँसलाई पन्छाउनुपर्छ । भिक्षु वा भिक्षुणी भए उनीहरूले यश, लाभ वा सम्मानको पछि नलागी सधैं गृहत्याग गरिसकेकाहरूको चर्यामा आफूलाई संलग्न राख्नुपर्छ ।

"त्यो चर्या के हो ?

त्यो हो सवै धर्मको यथाभूतरुपले ज्ञान प्राप्त गर्नु हो.... उदाहरणको लागि पञ्च स्कन्धहरू हुँदै नभएका माया सरह अचल एवं शून्य छन् भनी चिन्तन गर्नु । धर्महरूलाई यसरी बुझिसकेपछि वा जानिसकेपछि उसले आफूले कुनै चीज जानिरहेको भनी ठान्दैन, न त कुनै चीजको अनुभव गरेको वा चिन्तन गरेको नै ठान्छ । उसको मनमा सबै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विकल्पहरू नष्ट भइसकेका हुन्छन् । पञ्चस्कन्धलाई यसरी जान्ने व्यक्तिले सबैथोक जानेको हुन्छ । यही नै गृहत्याग गरिसकेकाहरूको चर्या हो ।

"जब बोधिसत्वले यो चर्या अभ्यास गर्छन्, उनले कुनैपनि सत्वलाई त्याग्दैनन् । किन ? किनभने बोधिसत्वले आफ्नै अन्तर्ज्ञानले यस धर्मको देशना गर्छन् । यसो गर्दा उनी आफूले देशना गरिरहेको धर्म प्रति वा सुनीरहेका सत्व कसैप्रति पनि आसक्त हुन्नन् ।

हे कुलपुत्र ! जसले यसलाई परिपूर्ण गर्न सक्छ त्यस्ता बोधिसत्व शीघ्र बोधिलाभ गरेर आफ्नो बुद्धक्षेत्रलाई पूर्णता दिन सक्षम हुन्छन् ।"

यस्तो धर्म देशना सुनेर बोधिसत्व पापक्षयले अनुत्पातिक क्षान्ति धर्म ज्ञान हाँसिल गरी खुशीले उफ्री उफ्री नाँचे र एक माथि अर्को गरी खप्टिएर राखिएका सात तालवृक्षहरूको उचाई सम्म माथि आकाशमा चढेर गए । त्यस परिषदमा दुई हजार सत्वहरूले बोधिचित्तोत्पाद गरे, र चौध हजार देव तथा मनुष्यहरूले आफैलाई क्लेशहरूबाट मुक्त गरेर सवै धर्महरुलाई बोध गर्न सक्ने धर्मचक्षु प्राप्त गरे ।

भगवान बुद्ध र भिक्षुहरू राजा अजातशत्रुको दरवारभित्र आइसकेपछि आ–आफ्ना आसनहरू मिलाएर उचित क्रमानुसार बसे ।

त्यसपछि राजाले निजि तवरले भगवान बुद्ध र सवै भिक्षुहरूलाई यथेष्ट मात्रामा विभिन्न प्रकारका भोजन, पेय टक्र्याए । उनले तथागतलाई सबैभन्दा राम्रा चीवर वस्त्र पनि चढाए । त्यसपछि बुद्धको सामु उनले एउटा अधम आसन ग्रहण गरी भगवान बुद्धलाई यस्तो प्रश्न गरे,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"हे भगवन् ! द्वेष, क्रोध र दौर्मनस्यका उदगम विन्दु के हो ? कसरी मोह र अविद्यालाई हटाउन सकिन्छ ?"

भगवान बुद्धले राजालाई यसरी जवाफ दिनुभयो, "द्वेष, क्रोध र दौर्मनस्य 'म' र 'मेरो' भन्ने धारणाबाट उत्पन्न हुन्छन् । गुण, दोष, 'म' र 'मेरो' को ज्ञान नहुनेहरूसित ज्ञान नै हुँदैन र जोसँग 'म' र 'मेरो' को सही ज्ञान हुन्छ उनीहरू ज्ञान र अज्ञान भन्दा पर हुन्छन् ।

हे राजन् ! सबै धर्महरू कतैबाट आउदैनन् र कतै जाँदैनन् भन्ने कुरा थाहा पाउनुपर्छ । ती धर्महरू कतैबाट आउदैनन् र कतै जाँदैनन् भने तिनीहरू उत्पन्न पनि हुन्नन् र निरोध पनि हुन्नन् । उत्पति र निरोधै हुँदैनन् भने ज्ञान वा अज्ञान पनि हुँदैन । किन ? किनभने यहाँ उत्पन्न भएको वा अनुत्पन्न भएको कुरा जान्ने वा थाहा पाउने नै केही रहेन । यदि कुनै व्यक्ति 'जान्ने' भन्दा माथि पुग्न सक्यो भने उसले सहि ज्ञान पाएको भनी ठान्नुपर्छ ।"

त्यसपछि, राजा अजातशत्रुले भगवान बुद्धलाई भने, "हे भगवन् ! तपाई अत्यन्तै असाधारण हुनुहुन्छ ! तथागत, अर्हत, सम्यक सम्बुद्धका उपदेश सर्वाधिक अद्भूत छन् ! अबदेखि म व्यर्थमा जीवन यापन गरिरहनु भन्दा बरु धर्मपर्याय सुनी सुनी मर्छु !"

राजा अजातशत्रुलाई धर्म उपदेश दिएर ज्ञानले प्रकाश पारी प्रसन्न तुल्याएपछि भगवान बुद्ध आफ्नो आसनबाट उठेर गृद्धकुट पर्वततर्फ फर्किनुभयो । त्यहाँ, भगवान बुद्धले आफ्नो आसन मिलाएर आफ्नो खुट्टा पखाली समाधिमा बस्नुभयो ।

त्यो दिन अबेर साँझ परिसकेपछि, तथागत धर्म उपदेश दिनको लागि आफ्नो समाधिबाट उठनु भयो र महाबोधिसत्व तथा श्रावकहरू पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आ–आफ्ना समाधिबाट उठे । त्यसबेला बोधिसत्व मार्ग अनुशरण गर्ने वैयालिस हजार देवताहरूका साथ बोधिसत्व मञ्जुश्री, पाँच हजार बोधिसत्वहरूको साथमा बोधिसत्व मैत्रेय, पाँच सय बोधिसत्वहरूको साथमा सिँहनाद बोधिसत्व, यी बोधिसत्वहरु लगायत अनेक श्रावकगण तथा राजा अजातशत्रु आफ्ना परिषद सहित तथागतको गन्धकुटिमा आइपुगे । उनीहरूले बुद्धको चरणकमलमा आफ्ना शीरले ढोगे र एक ठाउँमा गइ आसनमा वसे । यसका अतिरिक्त, असंख्य लाखौं अरु सत्वहरू पनि राजगृहबाट गृद्धकूट पर्वत तिर प्रस्थान गरे । गृद्धकुट पर्वत पुग्नासाथ, उनीहरु सबैले पनि बुद्धको चरणमा ढोगी एक ठाउँमा गएर बसे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वितीय परिवर्त

त्यसपछि सिँहनाद बोधिसत्वले[३] आफ्नो आसनबाट उठेर आफ्नो दांया कांध खाली पारी दाँया घुंडाले टेकी अञ्जलीबद्ध भएर बुद्धलाई भन्नुभयो, "बोधिसत्व मञ्जुश्री धर्म राजकुमार सँधै भगवान बुद्धहरूद्वारा प्रशंसित हुनुहुन्छ। उहाँले कहिले सम्यक सम्बोधि लाभ गर्नुहुन्छ ? उहाँले प्राप्त गर्नुहुने बुद्धक्षेत्र कस्तो प्रकारको होला ?"

भगवान बुद्धले भन्नुभयो, "हे कुलपुत्र, तिमीले मञ्जुश्रीलाई नै सोध न।" त्यसपछि सिँहनाद बोधिसत्वले मञ्जुश्री बोधिसत्वलाई सोध्नुभयो, "हे आर्य पुरुष ! तपाईले कहिले सम्यक सम्बोधि लाभ गर्नु हुनेछ ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "हे कुलपुत्र ! के म बोधिज्ञान तर्फ उन्मुख छु भनि प्रश्न नगरी तपाईले किन मैले कहिले बोधि लाभ गर्छु भनेर सोध्नुभयो ?

तपाईले किन यस्तो प्रश्न गर्नुभयो ? म बोधितर्फ उन्मुख नै भइरहेको छैन भने मैले कसरी बोधि प्राप्त गरुंला ?"

सिँहनाद बोधिसत्वले सोध्नुभयो, "हे मञ्जुश्री, हे आर्यपुरुष ! के तपाई सत्वहरूको कल्याणार्थ बोधितर्फ उन्मुख हुनुहुन्न ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "छैन, किन छैन भन्दाखेरी सत्वहरू अग्राह्य छन्। सत्वहरूको अस्तित्व भइदिएको भए म उनीहरूको कल्याणार्थ बोधितर्फ उन्मुख हुन्थे होला। तर न सत्व, न जीवन न त आत्माकै अस्तित्व छ, त्यसैले बोधितर्फ उन्मुख छैन, न त विमुख नै छु।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिँहनाद बोधिसत्वले सोध्नुभयो, "हे मञ्जुश्री, हे आर्यपुरुष ! तपाई बुद्ध धर्मतर्फ उन्मुख हुनुहुन्छ त ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "होइन कुलपुत्र ! सबै धर्म बुद्धधर्मतर्फ नै उन्मुख छन् । किन ? किनभने ती सबै क्लेश, वन्धन, आकृति वा रूप रहित छन् । बुद्ध तथतामा रहने भएको हुँदा, सबै धर्म पनि तथतामै रहन्छन् ।

"हे कुलपुत्र ! तपाईले म बुद्धधर्मतर्फ उन्मुख छु कि छैन भनेर सोध्नुभयो । अब म तपाईलाई केही प्रश्नहरू गर्न गइरहेको छु, तपाईले आफ्नो इच्छा अनुसार उत्तर दिनुहोस् ।

तपाईको के विचार छ ? के रूपले बोधि खोज्छ ? अथवा रूपको मौलिक स्वभाव, रूपको तथता, रूपको आफ्नै स्वभाव, रूपको शून्यता, रूपको अभावता, वा रूपको धर्मताले बोधि खोज्छ ?

हे कुलपुत्र ! तपाई के सोच्नुहुन्छ ? के रूप, रूपको मौलिक स्वभाव, रूपको तथता, रूपको आफ्नै स्वभाव, रूपको शून्यता, रूपको अभावता, वा रूपको धर्मताले बोधि लाभ गर्छ ?"

सिँहनाद बोधिसत्वले जवाफ दिनुभयो, "होइन, मञ्जुश्री । रूपले बोधि खोज्दैन, न त रूपको मौलिक स्वभाव, रूपको तथता, रूपको आफ्नै स्वभाव, रूपको शून्यता, रूपको अभावता, वा रूपको धर्मताले नै बोधि खोज्छ । रूपले बोधि लाभ गर्दैन न त रूपको मौलिक स्वभाव, रूपको तथता, रूपको आफ्नै स्वभाव, रूपको शून्यता, रूपको अभावता, वा रूपको धर्मताले नै बोधि लाभ गर्छ ।"

मञ्जुश्रीले सोध्नुभयो, "तपाई के सोच्नुहुन्छ ? के वेदना, संज्ञा, संस्कार तथा विज्ञान (वा त्यस वर्गका कुनै) देखि लिएर विज्ञानको धर्मताले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बोधि खोज्छ ? के वेदना, संज्ञा, संस्कार तथा विज्ञान (वा त्यस वर्गका कुनै) देखि लिएर विज्ञानको धर्मताले बोधि लाभ गर्छ ?"

सिँहनाद बोधिसत्वले जवाफ दिनुभयो, "होइन, मञ्जुश्री ! यी मध्ये कुनैले पनि बोधि खोज्दैन र कुनैले पनि बोधि लाभ गर्दैन ।"

मञ्जुश्रीले सोध्नुभयो, "तपाई के सोच्छौ ? के पञ्चस्कन्धबाट भिन्न 'म' वा 'मेरो' हुन्छ ?"

सिँहनाद बोधिसत्वले जवाफ दिनुभयो, "हुँदैन ।"

मञ्जुश्रीले भन्नुभयो, "यस्तै हो, यस्तै हो कुलपुत्र । त्यसोभए के ले बोधि खोज्छ र लाभ गर्छ त ?

सिँहनाद बोधिसत्वले भन्नुभयो, "हे मञ्जुश्री, हे आर्यपुरुष ! धेरैजसो तपाईका शब्दहरूलाई मानिसहरूले भित्रि हृदयदेखि विश्वास गर्छन् तर अहिले तपाई बोधि नखोज, बोधि लाभ नगर भन्दै हुनुहुन्छ । आदिकर्मिक बोधिसत्वहरू यस्ता वाक्यबाट अवश्यपनि भयभीत हुनेछन् ।"

मञ्जुश्रीले भन्नुभयो, "हे कुलपुत्र ! भयभीत हुनुपर्ने कुनै चीज छैन, यथार्थमा भय भन्ने चीजै छैन । भय नहुनेलाई नै तथागतले धर्म उपदेश दिनुहुन्छ । तर धर्म (वस्तु) प्रति भय हुनेहरूले धर्म (वस्तु) लाई घृणा गर्छन् । धर्मलाई घृणा हुनेहरूले धर्मप्रतिको तृष्णा (राग) लाई त्यागिदिन्छन् । धर्म (वस्तु) प्रति तृष्णा (राग) नहुनेहरू मुक्त हुन्छन् । मुक्त हुनेहरूलाई बोधिको खाँचो नै पर्दैन । बोधिको खाँचो नै नहुनेहरू कुनै चीजमा पनि स्थित रहँदैनन् । कुनै चीजमा पनि स्थित नरहनेहरू कतै जाँदैनन् । कतै नजानेहरू कतैबाट आउँदैनन् । कतैबाट नआउनेहरूमा इच्छाहरू हुदैनन् । इच्छा नहुनेहरू विवर्तक हुँदैनन् । विमुख नहुनेहरु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विमुख हुन्छन् ? के बाट विमुख हुन्छन् त ? उनीहरू आत्माप्रतिको, सत्वप्रतिको, भवप्रतिको, अहं प्रतिको, उच्छेदप्रतिको, शास्वतप्रतिको, प्रादुर्भावप्रतिको र विकल्पप्रतिको आसक्तिबाट विमुख हुन्छन्। के बाट विमुख हुँदैनन त ? उनीहरू शून्यता, अनिमित्तता, अप्रणिहित, यथार्थता वा बुद्धधर्म बाट विमुख हुँदैनन्।

"बुद्ध धर्म के हो ?

यो आसक्ति पनि होइन र अनासक्ति पनि होइन। यसले कुनै वस्तुलाई ग्राह गर्दैन, यो कतै जाँदैन, र कतैबाट उत्पन्न हुँदैन, यसले केही अभ्यास गर्दैन, र अभिव्यक्ति भन्दा पर छ। यो केवल नाम मात्र हो, शून्य तथा अनुत्पन्न। यो कतै जाँदैन र कतैबाट आउँदैन पनि। यो न त अशुद्ध छ, न त शुद्ध नै। यो मल, र निर्मलता भन्दा पर छ। यो अनात्मा तथा अविकल्प हो ; यो सस्कृत वा ग्राह होइन। यो समता र निर्भेदता हो।

"हे कुलपुत्र ! बुद्धधर्म धर्म वा अधर्म होइन। किन ? किनभने बुद्धधर्म कतैबाट उत्पन्न हुँदैन। यदि कुनै आदिकर्मिक बोधिसत्व यो वाक्य सुनी भयभीत हुन्छ भने उसले अन्ततः बोधि लाभ गर्नेछ। यो सबै हेरी कसैले यस्तो सोच्न सक्छ, "मैले सर्वप्रथम बोधिचित्तोत्पाद गर्नुपर्छ र गम्भीर बोधमा स्थिर रहनुपर्छ अनि मात्र मैले बुद्धत्व प्राप्त गर्न सक्नेछु। अन्यथा, मैले बोधिचित्तोत्पाद नै गरिन भने मैले कदापि बुद्धत्व प्राप्त गर्न सक्दिन।' (तर यथार्थमा मानिसले यस प्रकारको विकल्प पनि मनमा लिनुहुँदैन), किनभने बोधिचित्त र बुद्धत्व दुवै अग्राह्य छन्। यी दुवै अग्राह्य छन् भने यिनीहरूलाई कसरी प्रतिवेक्षण सकिन्छ ? यिनीहरूलाई प्रतिवेक्षण नै गर्न सकिन्न भने यिनीहरूको बोध पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असंभव छ। किन असंभव छ ? किनभने प्रतिवेक्षण नै नगरिएपछि बोध को लागि कुनै (अंकुरित) कारण पनि त रहेन।[४]

"हे कुलपुत्र ! तपाई के सोच्नुहुन्छ ? के शून्य आकाशले बोधि प्राप्त गर्ला ?"

सिँहनाद बोधिसत्वले जवाफ दिनुभयो, "गर्दैन।"

मञ्जुश्रीले सोध्नुभयो, "हे कुलपुत्र ! के तथागतले सबै धर्म शून्य आकाश सरह नै हुन् भनेर जान्नु भएको छ ?"

सिँहनाद बोधिसत्वले जवाफ दिनुभयो, "जान्नुभएको छ।"

मञ्जुश्रीले भन्नुभयो, "हे कुलपुत्र ! बोधि शून्य आकाश सरह हो र शून्य आकाश बोधि सरह हो। बोधि र शून्य आकाश न त दुइ हुन् न त अलग अलग हुन्। बोधिसत्वले यो समानता जानेमा जान्ने वा हेर्ने पनि रहँदैन र नजान्ने वा नहेर्ने पनि रहँदैन।"

यो धर्म उपदेश सुनेर चौध हजार भिक्षुहरू आफ्ना क्लेशहरू नष्ट गरेर मानसिकरूपले मुक्त भए। बाव्ह हजार भिक्षुहरूले अशुचिबाट मुक्त भएर सर्वदर्शी धर्मचक्षु प्राप्त गरे। छयानब्बे हजार सत्वहरूले बोधिचित्तोत्पाद गरे ; र बावन्न हजार बोधिसत्वहरूले अनुत्पातिक क्षान्ति धर्म ज्ञान हाँसिल गरे।

त्यसपछि, सिँहनाद बोधिसत्वले मञ्जुश्रीलाई सोध्नुभयो, "तपाईले बोधिचित्तोत्पाद गर्नुभएको कति समय बित्यो ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "पख्नुस्! कुलपुत्र ! भ्रामक चिन्तनहरू मनमा नल्याउनुस्! धर्मको सम्बन्धमा यदि कसैले मैले बोधिचित्तोत्पाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेँ र मैले बोधिचर्या गरेँ भनी भन्छ भने उसले ठूलो मिथ्या दृष्टि धारण गरिरहेको हुन्छ । हे कुलपुत्र ! म बोधिको खोजी गर्न आफ्नो चित्त उत्पाद भएको देख्दिन । किनकी म न चित्त नै देख्छु न त बोधि नै देख्छु, म केही पनि उत्पाद गर्दिन ।"

सिँहनाद बोधिसत्वले सोध्नुभयो,
"हे मञ्जुश्री, 'चित्त देख्दिन' भनेर तपाईले के भन्न खोज्नुभएको ?"

मञ्जुश्रीले जवाफ दिनुभयो,
"हे कुलपुत्र, 'चित्त नदेख्नु' भनेको समता हो ।"

सिँहनाद बोधिसत्वले अझै सोध्नुभयो, "यो समता हो भनेर किन भन्नुभएको ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "हे कुलपुत्र, यसको अर्थ यस कारणले समता हो कि कुनैपनि प्रकारको स्वभाव भनेको हुँदै हुँदैन र सबै धर्महरू एकै रसका हुन्छन् । 'एक रस' भन्नाले आशक्ति नहुनु, मल नहुनु, शुद्धता नहुनु, उच्छेदता नहुनु, शास्वतता नहुनु, उत्पन्न नहुनु, निरोध नहुनु, ग्राह नहुनु, त्याग नहुनु, आत्म नहुनु र संज्ञा नहुनु हो । यसरी धर्म देशना गर्ने मानिसले आफूले धर्म देशना गरिरहेको छु भनेरै ठान्दैन न त कुनै चीजमा नै विकल्प राख्छ । हे कुलपुत्र, यस समता धर्मको भावमा धर्मको अभ्यास गर्नुलाई नै समता भनिन्छ ।

हे कुलपुत्र, यस्तो समताको भावना गर्ने बोधिसत्वले कुनै क्षेत्र देख्दैनन् चाहे त्यो क्षेत्र एकको होस् वा अनेकको । उनले समतामै समता देख्दैनन् र भेदमा भेद देख्दैनन् । किनभने ती स्वभावैले मौलिकरूपले शुद्ध (आदिशुद्ध) हुन्छ ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि सिँहनाद बोधिसत्वले बुद्धलाई भन्नुभयो, "हे भगवन्! मञ्जुश्रीले कहिले बोधिचित्तोत्पाद गरेँ भनेर बताउनुहुन्न तर यहां परिषद सबै त्यो सुन्नको लागि व्याकुल छन्।"

बुद्धले भन्नुभयो, "हे कुलपुत्र, मञ्जुश्रीले निकै गम्भीर धर्म ज्ञान प्राप्त गरेको छ। गम्भीर धर्म ज्ञानमा न बोधि नै भेटिन्छ न त चित्त नै भेटिन्छ। दुबै अग्राह्य भएको हुँदा, उनले कहिले बोधिचित्तोत्पाद गरेँ भनेर भन्दैनन्। तैपनि, हे कुलपुत्र, मञ्जुश्रीले कहिलेदेखि बोधिचित्तोत्पाद गर्दै आएका हुन् अब म नै भन्छु।

"हे कुलपुत्र, पूर्वकालमा, सात लाख गँगा नदीहरूका अनगिन्ती बालुवा भन्दा बढि कल्पहरू अगाडि मेघनाद तथागत नामक तथागत, अर्हत सम्यक सम्बुद्ध यस लोकमा प्रकट हुनुभयो। त्यसबेला यहाँदेखि बहत्तर कोटि बुद्धक्षेत्र पर एउटा अनुत्पाद नामक लोकधातु थियो जहाँ मेघनाद बुद्धले धर्मोपदेश गर्नुहुन्थ्यो। त्यहाँ आठ कोटि चारसय सतसहस्र श्रावकहरू बस्दथे र त्यो भन्दा दोब्बर संख्यामा बोधिसत्वहरू बस्दथे।

"हे कुलपुत्र, त्यसबेला, समन्तबिस्तर नामक एक जना राजा थिए। उनी सप्तरत्न निधि सम्पन्न, सद्धर्म अनुसार चतुर्द्वीपमा शासन गर्ने चक्रवर्त्ती सम्राट थिए। चौरासी बर्षसम्म उनले मेघनाद र उहाँका बोधिसत्व तथा श्रावकगणलाई बडो आदरपूर्वक अति अद्‌भूत वस्त्र, भोजन, पेय, महल, दरवार, प्रसाद, नोकर तथा सेवाहरू दानस्वरूप चढाए। उनका पत्नी, राजकीय आफन्त, माननीय दरवारीयाहरू, राजकुमार तथा मन्त्रीहरूले दान दिने कार्य बाहेक केही गरेनन् बर्षौंसम्म दान दिएको दियै गर्दा पनि उनीहरू अलिकति पनि थाकेनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"तत्पश्चात, एउटा शान्त ठाउँमा एक्लै बसेर राजाले बिचार गरे, 'मैले थुप्रै महा कुशलमूलहरू संगृहित गरिसके, तर तिनलाई कसरी परिणामना गर्ने भन्ने बारे मैले अहिले सम्म निर्णय नै गरेको छैन । के म शक्र, ब्रम्हा, चक्रवर्ती राजा[४], श्रावक वा प्रत्येकबुद्ध बनुं ?'

राजाले यस्तो बिचार गरिसकेपछि, आकाशका देवताहरूले उनलाई भने, 'हे राजन् ! यस्तो संकीर्ण, हीन अध्याशय प्रकट नगर्नुहोस !

किन ? किनभने अनेक अधिष्ठान तथा पुण्यहरू प्राप्त गरिसकेपछि अब, हे राजन, महा बोधिचित्तोत्पाद गर्नुहोस् ।'

"यी शब्दहरू सुनेपछि राजा समन्तविस्तरले अत्यन्तै खुशी भएर मनमनै सोंचे, "आजदेखि म निश्चयपनि बोधिचित्तबाट पछि हट्दिन । किन ? किनभने देवताहरूले मेरो मनको कुरा थाहा पाएर नै मलाई संझाउन आएका हुन् ।'

"हे कुलपुत्र, त्यसपछि आठ नयूत कोटि अरू सत्वहरूका साथमा राजा मेघनाद बुद्धकहाँ गए । बुद्धकहाँ पुग्नासाथ उनीहरूले बुद्धको पाउमा ढोगे । अनि दायाँबाट सातपल्ट प्रदक्षिणा गरेर बुद्धलाई हात जोडि बिन्ति गरे ।

यसपछि राजा समन्तविस्तरले निम्न श्लोकहरू गाए :

'अब म भगवान बुद्धलाई एउटा प्रश्न सोध्दैछु
कृपया हे भगवन् ! मलाई यसको उत्तर दिनुहोस् !
कसरी मानिस मनुष्यहरूको अनुत्तर पूज्य शास्ता बन्न सक्छ ?
लोकको शरण नाथलाई मैले धेरै समयसम्म पूजा गरे,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर मेरो मन भ्रमित भएकोले आफ्ना पुण्यहरू कसरी
परिणामना गर्ने भन्ने नै मलाई थाहा भएन।

(एक्लै बसेर मैले सोंचे,)
मैले थुप्रै महा कुशलमूलहरूको अभ्यास गरिसकेको छु ;
तिनलाई म कसरी परिणामना गरु ?
के म ब्रम्हा, शक्र वा चक्रवर्त्ती सम्राट बनु ?
या के म श्रावक वा प्रत्येक बुद्ध बनु ?
मैले यसरी सोचिरहेकै बखत
आकाशका देवताहरूले मलाई भने,
"हे राजन, आफ्ना पुण्यहरू परिणामना गर्दा
संकीर्ण, हीन अध्याशय मनमा नलिनुहोस् !
हे राजन, सबै सत्वहरूका निमित्त तपाईले
एउटा यस्तो प्रणिधान गर्नुपर्छ।
लोकलाई कल्याण गर्नको लागि बोधिचित्तोत्पाद गर्नुहोस्।"

सवै धर्महरूमा दक्ष भगवान बुद्धलाई
बोधिचित्त कसरी उत्पाद गर्ने भन्ने कुरां
मलाई बताइदिनुहुन विनम्र प्रार्थना गर्छु,
ताकी मैले मुनिको जस्तो बोधिज्ञान लाभ गर्न सकुँ।
हे देव मनुष्य शास्ता ! कृपया मलाई बताइदिनुहोस् !'

"त्यसपछि मेघनाँद तथागतले गाथामैं राजा समन्तविस्तरलाई यसरी
भन्नुभयो :
"हे राजन, ध्यान दिएर सुन।
म बुंदागत किसिमले तिमीलाई यसको बयान गर्छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै धर्महरू हेतु तथा प्रत्ययहरूका उपज हुन्
र आफ्ना झुकाव वा संस्कारसित मेल खाई
आफूले चाहेका परिणामहरू प्राप्त गर्न सकिन्छ।

मेरा पूर्व जन्महरूमा, मैले पनि सबै सत्वहरूको
हित चिताई बोधिचित्तोत्पाद गरेको थिएं।
पूर्व जन्महरूमा उत्पाद गरिएका मेरा इच्छा र बोधिचित्त अनुसार
मैले शीघ्र नै बोधिलाभ गरेर अहिले यसबाट अविर्वत भएको छु।

हे राजन, तिमीले सबै कुशलकर्महरूको अभ्यास गर्नुपर्छ ;
त्यसपछि, तिमीले महा अनुत्तर बोधि हाँसिल गर्नेछौ।'

"बुद्धको यस्तो उपदेश सुनेपछि राजा समन्तविस्तर अभूतपूर्व तवरले खुशी भए।

यस्तो श्लोक गाएर राजाले परिषदसमक्ष महासिँहनाद गरे।
'अब सम्पूर्ण परिषदको उपस्थितिमा
म सारा सत्वहरूको कल्याणार्थ
बोधिचित्तोत्पाद गर्छु।

भविष्यको अन्तसम्म सत्वहरूलाई
महा वरदानको वर्षा गरिरहन
म आफैलाई अनगिंन्ती समयसम्म
संसारमा संलग्न हुन संकल्प गर्छु।
सत्वहरूलाई दुःखबाट मुक्त गर्न
म सबै बोधिसत्वचर्याहरूको साधना गर्छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आजदेखि उप्रान्त आफ्नो प्रणिधानवाट विचलित भइ
यदि म लोभ, कृपणता वा रोषकै जालमा फसँ भने
मैले दश दिशाका बुद्धहरूलाइ धोखा दिइरहेको हुन्छु।

आजदेखि मैले बोधि प्राप्त नगरुञ्जेल
ब्रम्हचर्या पालन गर्नमा म सधै बुद्धहरूको मार्ग अनुशरण गर्छु,
म शीलहरूको पालना गर्छु र अकुशल कर्महरू गर्दिन।

म हतार हतार बुद्धत्व लाभ गर्ने विचार मनमा राख्दिन,
बरु कालान्तरसम्म सवै सत्वहरूको कल्याण गरिरहनेछु र
अनगिन्ती अचिन्त्य बुद्धक्षेत्रहरू अलंकृत तथा परिशुद्ध गरिरहनेछु।
दश दिशाहरूका लोकधातुहरूमा मेरो नाम सुनिनेछ।
अब म आफ्नो लागि यो भविष्यवाणी गर्छु कि
म निसंकोच बुद्ध बन्नेछु।

किनभने मेरो प्रणिधि उच्च र विशुद्ध छ,
आफ्नो उपलब्धिप्रति म मा कुनै शंका छैन।
म काय, वाक र चित्तलाई परिशुद्ध गरेर
पापको लेश सम्म उत्पन्न हुन दिन्न।
यही मेरो विशुद्ध प्रणिधानबमोजिम
आखिर म बुद्ध, मनुष्यशास्ता भएर छाड्नेछु।

मेरो प्रणिधान साँच्चिकै हृदयदेखि नै उत्पन्न भएको हो भने
छ प्रकारका कम्पहरूले पृथ्वीलाई प्रकम्पित पारुन्!

यदि मेरा शव्दहरू सत्य हुन तथा झुठो होइनन् भने
आकाशमा बाजागाजाहरूका ध्वनि स्वतः गुञ्जियोस्!

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

म अतिप्रशंसा वा रोषबाट मुक्त छु
यदि यो साँचो हो भने
मुगा वृक्षका पुष्पहरूको वर्षा होस् !'

"राजा समन्तविस्तरले यी श्लोकहरू भनेपछि , ६ प्रकारका कम्पहरूले दश दिशाका त्रिसाहस्र महासाहस्र बुद्ध क्षेत्रहरूलाई प्रकम्पित गरे, आकाशमा बाजा गाजाका ध्वनि गुञ्जन थाले र मुगावृक्षका पुष्पहरूको वर्षा भयो । राजाको प्रणिधान निष्कपट (भित्री हृदयदेखि उत्पन्न) भएकाले नै यी सब हुनगएका थिए । त्यसवेला राजाका दुइ कोटि अनुचरहरू हर्षोल्लासित भए । एकदम प्रशन्न मनले आफैलाई भने, 'हामी अनुत्तर सम्यक सम्बोधि लाभ गर्नेछौं ।' र यसरी उनीहरूले राजाको चर्यालाई अनुकरण गरी बोधिचित्तोत्पाद गरे ।

बुद्धले परिषदलाई भन्नुभयो, "त्यसबेलाको राजा समन्तविस्तर को थिए त ? उनी अरू कोही थिएनन्, अहिलेको मञ्जुश्री नै थिए । पूर्वकालमा, सात लाख गंगाका अनगिन्ती बालुवाहरूभन्दा पनि बढि कल्प पहिले उनले प्रथम पल्ट बोधिचित्तोत्पाद गरेका थिए ।

तत्पश्चात, चौसाठ्ठी गंगाका बालुवाहरू जत्तिकै असंख्य कल्पहरूपछि उनले अनुत्पातिक धर्म क्षान्ति ज्ञान हाँसिल गरेर बोधिसत्वका सबै दश भूमिहरू पार गरे ।

अनि उनले तथागतका दश बल पनि प्राप्त गरे । बुद्धत्वका हरेक धर्मलाई उनले पूर्णरूपले सम्पादन गरेका छन् तैपनि उनले 'म बुद्ध बन्नेछु' भनेर कहिल्यै सोचेनन् !'

"हे कुलपुत्र, त्यसबेला बुद्ध मेघनादको उपस्थितिमा बोधिचित्तोत्पाद गर्ने राजाका दुई कोटि अनुचरहरू सबैलाई मञ्जुश्रीले दान, शील,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा पारमिताको अभ्यास गर्नको लागि राजी तुल्याए । अहिले उनीहरू सबैले अनुत्तर बोधि हाँसिल गरी, धर्मचक्र प्रवर्त्तन गरी, बुद्धचर्या सिध्याएर परिनिर्वाणमा प्रवेश गरिसकेका छन् । मञ्जुश्रीले यी सबै तथागतहरूलाई पूजा चढाएर उनीहरूको धर्महरूलाई सुरक्षितपूर्वक धारण गरिरहेका छन् । ती दुई कोटि मध्ये अब एउटै मात्र बुद्ध बाँकी रहेका छन् जसको नाम *धर्तींधर* पर्वत हो । त्यो बुद्धको लोकको नाम धर्तींधर हो र चालिस गंगा नदीका बालुवाहरूको संख्या जत्तिकै बुद्धक्षेत्रहरू पर रहेको छ । त्यहा अनगिन्ती श्रावकहरू छन् । त्यो बुद्ध जो अझसम्म जीवितै छन् को आयुसंस्कार अप्रमेय छ ।" मञ्जुश्रीको अतीत बताएपछि परिषदका सात हजार सत्वहरूले महाबोधिचित्तोत्पाद गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृतीय परिवर्त

सिँहनाद वोधिसत्वले मञ्जुश्रीलाई सोध्नुभयो, "हे आर्यपुरुष ! वोधिसत्वका दश भूमिहरू प्राप्त गरिसकेर, तथागतका दश वलहरू पूर्णरूपले प्राप्त गरेर र सवै वुद्ध धर्महरू पूर्णरूपले सम्पादन गरिसकेर पनि तपाईले किन अनुत्तर सम्वोधि प्राप्त गर्नुभएन ?

मञ्जुश्रीले उत्तर दिनुभयो, "हे कुलपुत्र ! सवै वुद्ध–धर्महरूमा पूर्णता प्राप्त गरिसकेको व्यक्तिले वोधिज्ञान प्राप्त गर्दैनन् । किन ? किनभने, कसैले सवै वुद्ध–धर्महरूमा पूर्णता हाँसिल गरेको छ भने उसलाई त अरू चीज हाँसिल गर्नु पर्ने आवश्यकता नै रहेन ।"

सिहनाद वोधिसत्वले सोध्नु भयो, "सवै वुद्ध–धर्महरूमा पूर्णता कसरी प्राप्त गर्न सकिन्छ ?

मञ्जुश्रीले उत्तर दिनुभयो, "वुद्ध–धर्महरूमा पूर्णता प्राप्त गर्नु भनेको तथतामा पूर्णता प्राप्त गर्नु हो । तथतामा पूर्णता प्राप्त गर्नु शून्य आकाशमा पूर्णता प्राप्त गर्नु हो । यसरी, वुद्ध–धर्महरू, तथता, र शून्य आकाश सवै एउटै र समान हुन् ।

हे कुलपुत्र, तपाई 'सवै वुद्धधर्महरूमा कसैले कसरी पूर्णता प्राप्त गर्छ भनेर सोध्नुहुन्छ ?' जसरी कुनै व्यक्तिले रूप, वेदना, संज्ञा, संस्कार, र विज्ञानमा पूर्णता हाँसिल गर्न सक्छ, त्यसरी नै उसले सवै वुद्ध–धर्महरूमा पूर्णता हाँसिल गर्न सक्छ ।"[७]

सिँहनाद वोधिसत्वले सोध्नुभयो, "रूप र अरू धर्महरूमा पूर्णता हाँसिल गर्नु भनेको के हो ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मञ्जुश्रीले सिँहनाद बोधिसत्वलाई नै सोध्नुभयो, "हे कुलपुत्र ! तपाई के सोच्नुहुन्छ ? तपाईले देख्ने रूप नित्य छ कि अनित्य छ ?"

सिँहनाद बोधिसत्वले जवाफ दिनुभयो, "नित्य पनि छैन र अनित्य पनि छैन ।"

मञ्जुश्रीले सोध्नु भयो, "हे कुलपुत्र, कुनै वस्तु नित्य वा अनित्य दुवै नभए के त्यसमा घटबढ केही हुन्छ त ?"

बोधिसत्व सिहनादस्वरले उत्तर दिनु भयो, "हुँदैन ।"

मञ्जुश्रीले भन्नुभयो, "हे कुलपुत्र ! धर्महरूमा घटबढ केही हुन्न भनेर बोध गरिसकेपछि तपाईले तिनमा पूर्णता प्राप्त गर्नुभएको छ भनेर भनिन्छ । किन त्यसो ? धर्महरूलाई पूर्णरूपले बोध नै गर्नुभएन भने तपाईले तिनमा भेदभाव (विकल्प) राख्नुहुनेछ । धर्महरूलाई पूर्णरूपले बोध गरिसकेपछि तपाईले तिनमा कुनैपनि भेदभाव वा विकल्प राख्नु हुनेछैन । धर्महरूमा भेदभाव नै राखिएन भने तिनीहरू घटबढ त हुँदै हुदैनन् । घटबढ नै नभएका धर्महरू समान हुन्छन् । हे कुलपुत्र, यदि तपाईले रूपमा समानता देख्नुभयो भने रूपमा पूर्णता हाँसिल गर्न सक्नुहुनेछ । वेदना, संज्ञा, संस्कार, विज्ञान तथा अरू धर्ममा पनि यही तथ्य लागु हुन्छ ।"

त्यसपछि, सिँहनाद बोधिसत्वले मञ्जुश्रीलाई सोध्नुभयो, "हे आर्यपुरुष, तपाईले अनुत्पाद क्षान्ति धर्म ज्ञान प्राप्त गरिसक्नुभएकोले अनुत्तर बोधि लाभ गर्ने बिचार तपाईको मनमा आउँदै आएन । तैपनि किन तपाई अरूहरूलाई बोधितर्फ उन्मुख हुनको लागि अहिले आग्रह गर्दै हुनुहुन्छ ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मञ्जुश्रीले जवाफमा भन्नुभयो, "मैले साँच्चिकै कुनैपनि सत्वलाई बोधितर्फ उन्मुख हुनको लागि उत्साहित गरिरहेको छैन । किन ? किनभने सत्वहरूको अस्तित्व र आफ्नै स्वभाव नै हुँदैन ।

यदि सत्वहरू ग्राह्य भए म उनीहरूलाई बोधितर्फ उन्मुख हुन उत्साहित गर्थे । तर उनीहरू त अग्राह्य छन् त्यसैले म उनीहरूलाई बोधितर्फ उन्मुख हुन उत्साहित गर्दिन । किन ? किनभने बोधि र सत्वहरू समान तथा एक अर्काबाट अभिन्न छन् । समानतालाई समानताले नाँप्न सकिन्न । समानतामा केहीको उत्पत्ति हुन्न । त्यसैले म भन्छु सबै धर्महरू कतैबाट आएका होइनन् र कतै जाँदैनन् भनेर, त्यसैलाई समानता भनिन्छ, अर्थात यसैलाई शून्यता भनिन्छ । शून्यतामा केहीको पनि खोजी गरिन्न । हे कुलपुत्र ! तपाईले भन्नुभयो, 'तपाईले अनुत्पाद क्षान्ति धर्म ज्ञान प्राप्त गरिसक्नुभएकोले अनुत्तर बोधि लाभ गर्ने बिचार तपाईको मनमा आउँदै आएन ।' हे कुलपुत्र, के तपाईले मनलाई देख्नुहुन्छ ? बोधि प्राप्त गर्न तपाई मनमा आश्रित हुनुहुन्छ ?"

सिँहनाद बोधिसत्वले जवाफ दिनुभयो, "होइन, हे मञ्जुश्री । किन ? किनभने मनलाई रूपजस्तो देख्न सकिन्न, त्यस्तै बोधिलाई पनि देख्न सकिँदैन । तिनीहरू कल्पित नाम मात्र हुन् । 'मन' र 'बोधि' भन्ने नामहरू अस्तित्वमै छैनन् ।"

मञ्जुश्रीले भन्नुभयो, "हे कुलपुत्र, मैले बोधि प्राप्त गर्ने बिचार मनमा लिँदै लिइन भन्ने तपाईको वाक्यमा गुढार्थ लुकेको छ । किन ? किनभने मन त कहिले पनि उत्पन्न भएको छैन, मननै उत्पन्न नभएपछि यसले कसरी ग्रहण वा बोध गर्न सक्ला ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिँहनाद बोधिसत्वले सोध्नुभयो, "समानता बोध गर्नु भनेको के हो ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "सबै धर्महरूबाट विरक्त हुनु नै समानता बोध गर्नु हो। यस्तो तथाकथित बोध नै सूक्ष्म ज्ञान हो। जो न उत्पन्न हुन्छ न निरोध नै हुन्छ, जो तथतासँग समान हुन्छ र जसलाई प्रतिवेक्षण गर्न सकिन्न। यदि सम्यक दृष्टि राख्ने कुनै धर्मसाधकले समानतामा प्राप्त गर्नुपर्ने चीज केही हुँदैन भन्ने सत्य बोध गरेको खण्डमा ऊ एक वा अनेकतामा आसक्त भएको हुँदैन र उसले समानता बोध गरेको हुन्छ।" यदि कसैले सवै धर्महरु अनिमित्त छन्, अनिमित्तता नै यसको लक्षण हो भनि बुझेको छ, भने ऊ रूप तथा मनमा आसक्त भएको हुँदैन अनि उसले पूर्णरुपले समता प्राप्त गरेको हुन्छ।

सिँहनाद बोधिसत्वले सोध्नुभयो, "'प्राप्ति' के हो ?"

जवाफमा मञ्जुश्रीले भन्नुभयो, "'प्राप्ति' एउटा सांवृतिक अभिब्यक्ति हो। वास्तवमा, मुनिले जे प्राप्त गर्छन् त्यो अमूर्त छ। किन ? किनभने धर्म केहीको पनि आधीन हुँदैन र वचन भन्दा पर हुन्छ। यसको अत्तिरिक्त, हे कुलपुत्र, अप्राप्तिलाई प्राप्ति र प्राप्ति वा अप्राप्ति दुवै होइन भनी मान्नुलाई नै सहि प्राप्ति भनिन्छ।"[८]

सिँहनाद बोधिसत्वले भगवान बुद्धलाई भन्नुभयो, "हे भगवन, कृपया मञ्जुश्रीले प्राप्त गर्नुहुने बुद्धक्षेत्रको बारेमा बताइदिनुस् !"

बुद्धले भन्नुभयो, "हे कुलपुत्र ! तिमीले मञ्जुश्रीलाई नै यो प्रश्न सोध न।"

यो सुनेर सिँहनाद बोधिसत्वले मञ्जुश्रीलाई सोध्नुभयो, "हे आर्यपुरुष, तपाईको बुद्धक्षेत्रमा तपाईले कस्तो प्रकारका गुण तथा अलंकारहरू पाउनु हुनेछ ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मञ्जुश्रीले जवाफ दिनुभयो, "मैले बोधि खोजेको भए, तपाईले मलाई कस्तो प्रकारको बुद्धक्षेत्र प्राप्त गर्छौ भनेर सोध्न सक्नुहुन्थ्यो।"

सिँहनाद बोधिसत्वले सोध्नुभयो, "हे आर्यपुरुष, के तपाई बोधि खोज्नुहुन्न ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "खोज्दिन। किन त्यसो ? कसैले केही खोज्छ भने ऊ अपवित्र (दूषित) तथा आसक्त हुन्छ। अपवित्र (दूषित) भएपछि उसमा तृष्णा हुन्छ। तृष्णा भएपछि उसले जन्म लिन्छ। जन्म लिएपछि उसमा अझ बढ्ता तृष्णा हुन्छ। यदि कुनै मानिसमा तृष्णा छ भने ऊ कहिले पनि मुक्त हुन सक्दैन। त्यसैले, हे कुलपुत्र, म बोधि खोज्दिन। किन खोज्दिन ? किनभने बोधि अलभ्य छ। अलभ्य भएकोले म बोधि खोज्दिन। हे कुलपुत्र, मैले कुन प्रकारको बुद्धक्षेत्र प्राप्त गर्छु भनेर तपाईले सोध्नुभयो, तर म यो भन्न सक्दिन। किन ? किनभने तथागत, सर्वदर्शीको सामु कुनै बोधिसत्वले आफ्नो भावी बुद्धक्षेत्रको गुण तथा महिमा बारे बयान गरेको खण्डमा उसले आफ्नै गुणको तारीफ गरिरहेको हुन्छ।"

बुद्धले मञ्जुश्रीलाई भन्नुभयो, "तिमीले कुन प्रकारका प्रणिधानहरूद्वारा आफ्ना बुद्धक्षेत्रलाई अलंकृत पार्नेछौ उनीहरूलाई भन्न सक्छौ, जसको फलस्वरुप ती प्रणिधानहरू सुन्ने बोधिसत्वहरूले पनि त्यसरी नै पूर्णता दिने संकल्प लिनेछन्।"

यसरी तथागतको आदेश पाएर, मञ्जुश्री आफ्नो आसनबाट उठ्नुभयो, आफ्नो चीवर मिलाई, दाँया घूंडाले टेकेर अञ्जलीबद्ध भएर बुद्धलाई भन्नुभयो, "हे भगवन ! बुद्धले मलाई प्रदान गर्नुभएको ऋद्धिले अब म मेरा प्रणिधानहरूबारे भन्न गइरहेको छु। महा बोधि खोज्ने सत्वहरूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यिनलाई ध्यान दिएर सुन्नुपर्छ, धर्ममुताविक यिनको अध्ययन गर्नुपर्छ र यिनलाई सुनेपछि परिपूर्ण गर्नुपर्छ ।"

मञ्जुश्रीले घूँडाले टेक्नासाथ ६ प्रकारका कम्पहरूले हरेक दश दिशाका गँगाका बालुवा जत्तिकै असँख्य बुद्धक्षेत्रहरूलाई कम्पायमान गरे ।

यस्तो भन्दै मञ्जुश्रीले बुद्धलाई सम्बोधन गर्नुभयो, "शतसहस्र कोटि नियूत कल्पहरू अघि मैले यस्तो प्रणिधान गरेको थिएँ : 'जबसम्म दशदिशाका अनगिन्ती बुद्धक्षेत्रहरूमा बस्ने भावी तथागतहरू[१] जसलाई म आफ्नो अप्रतिहत देवचक्षुले देख्छु, सबै बोधिचित्तोत्पाद गर्नको लागि मद्वारा प्रोत्साहित गरिन्नन्, दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा को अभ्यास गरेर अनुत्तर बोधि लाभ गर्न मद्वारा सिकाइन्नन्, तबसम्म मैले बोधि लाभ गर्नेछैन । यो प्रणिधानको परिपूर्तिपछि मात्र म अनुत्तर बोधि लाभ गर्नेछु ।'"

त्यसबेला, परिषदका बोधिसत्वहरू सबैले बिचार गरे, "मञ्जुश्रीले कतिजना तथागतलाई आफ्नो अप्रतिहत दिव्यचक्षुले देख्न सक्नुहुन्छ होला ?"

ती सबै बोधिसत्वहरूको मनका कुरा थाहा पाउनुभै भगवान बुद्धले सिँहनाद बोधिसत्वलाई भन्नुभयो, "हे कुलपुत्र, मानौ यस त्रिसाहस्र महासाहस्र लोकधातु अति सूक्ष्म धूलोका कणहरूमा टुक्रिन्छन् । तिमी के सोच्छौ ? यी धूलोका कणहरूको संख्या नगनीकन थाहा पाउन सकिन्छ त ?"

सिँहनाद बोधिसत्वले उत्तर दिनुभयो, "सकिँदैन, भगवन ।"

बुद्धले भन्नुभयो, "हे कुलपुत्र, आफ्नो अप्रतिहत दिव्यचक्षुद्वारा मञ्जुश्रीले यी धूलोका कणहरूका संख्या भन्दा बढि पूर्वका बुद्धहरूलाई देख्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तै नै दक्षिण, पशिचम, उत्तर, चारैवटा अन्तर्दिशाहरू, उर्ध्व तथा अध दिशाका बुद्धहरूलाई देख्छन् ।"

त्यसपछि मञ्जुश्रीले बुद्धलाई भन्नुभयो, "यसको अतिरिक्त, हे भगवन्, मैले गंगाका बालुवा जत्तिकै असंख्य बुद्धक्षेत्रहरूलाई एउटै बुंद्धक्षेत्रमा एकबद्ध पारेर त्यसलाई अनगिन्ती, एक आपसमा जोडिएका अति उत्कृष्ट रत्नहरूले अलंकृत पार्ने प्रणिधान गरेको छु। यदि मैले त्यसो गर्न नसके कदापि अनुत्तर बोधि लाभ गर्दिन ।

"पुनश्चः, हे भगवन्, मैले मेरो बुद्धक्षेत्रमा दश कोटि लोकधातुहरू जतिकै ठूला वृक्ष होस् र त्यो वृक्षले मेरा सम्पूर्ण बुद्धक्षेत्रमा आफ्नो प्रकाश फैलाओस् भनी प्रणिधान गरेको छु ।[१०]

"यसको अतिरिक्त, हे भगवन्, मैले बोधिवृक्षमुनि बसेदेखि बोधि प्राप्त गरेर निर्वाण नपुगेसम्म आफ्नो आसनबाट उठ्दै नउठ्ने र त्यस समयभित्र आफ्नो निर्माणकायहरूद्वारा दशदिशाका असंख्य अनगिन्ती बुद्धक्षेत्रहरूमा रहने सत्वहरूलाई धर्म उपदेश दिइरहने प्रणिधान गरेको छु।

"यसको अत्तिरिक्त, हे भगवन्, मैले मेरो बुद्धक्षेत्रमा 'स्त्री' भन्ने नाम नै नरहोस्, ब्रम्हचर्या अभ्यास गर्ने तथा चीवर धारी तथा पद्मासन मुद्रामा स्वतः जन्म हुने असंख्य बोधिसत्वहरूको बास होस् भनेर प्रणिधान गरेको छु ।

मेरो बुद्धक्षेत्रमा दशदिशाका अरू बुद्धक्षेत्रमा रहने सत्वहरूलाई त्रियान धर्महरू व्याख्या गर्ने तथागतका निर्माणकायहरूलाई छोडेर श्रावक वा प्रत्येकबुद्धहरू नरहुन्, यिनीहरूको नाम पनि नरहोस् भनेर प्रणिधान गरेको छु । "

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वुद्धले जवाफ दिनुभयो, "दक्षिणमा । त्यसैमा सहालोक पनि रहनेछ ।"

मञ्जुश्रीले बुद्धलाई भन्दै लग्नुभयो, "यसको अतिरिक्त, मेरो बुद्धक्षेत्र अनगिन्ती परिमाणमा अद्‌भूत रत्नहरूले निर्मित हुनेछ र असंख्य एक आपसमा जोडिएका, अति उत्कृष्ट मोतीहरूले सिँगारिएको हुनेछ भनी प्रणिधान गरेको छु । ती मोतीहरू असाधारण किसिमले दूर्लभ र दशै दिशामा पनि पाउन मुश्किल हुनेछन् ; तिनका नामहरू यति असंख्य हुनेछन् कि लाखौ वर्षसम्म गिन्ती गरिरहेपनि सकिन्न । मेरो क्षेत्र सुनले निर्मित होस् भनेर इच्छा गर्ने बोधिसत्वहरूका लागि त्यो क्षेत्र सुनले नै निर्मित भएको देखिनेछ, चाँदिले निर्मित होस् भन्नेहरूलाई चाँदिले नै निर्मित भएको देखिनेछ, तैपनि सुनले बनोस् भनी चाहनेहरूले त्यस बुद्धक्षेत्रको सुनौलो रूपमा कुनै परिवर्तन देख्नेछैन । बोधिसत्वहरूका आ–आफ्ना इच्छा अनुसार नै त्यो बुद्धक्षेत्र स्फटिक, वैदूर्यमणि, हकिक, मोती वा अरु नै कुनै दूर्लभ बस्तुले निर्मित हुनेछन् । तैपनि आफूले चाहेको रूपमा केही परिवर्तन आउन्न । बोधिसत्वहरूका आ–आफ्ना इच्छा अनुसार नै त्यो बुद्धक्षेत्र सुगन्धित चन्दनकाष्ठ, सुगन्धित एलोकाष्ठ, रक्त चन्दनकाष्ठ वा अन्य प्रकारका काष्ठले पनि निर्मित भएको देखिन्छ ।[१३]

"मेरो बुद्धभूमि सूर्य, चन्द्र, मोती, नक्षत्र, अग्नि इत्यादिको प्रकाशले उज्यालो हुनेछैन । बरु सबै बोधिसत्वहरूले आफ्नै प्रकाशले शतसहस्र कोटि नियूत बुद्धक्षेत्रहरूलाई उज्यालो पार्नेछन् । मेरो भूमिमा पुष्प खुल्दाखेरी दिवा समय हुनेछ र पुष्प बन्द हुँदाखेरी राति हुनेछ[१४], र बोधिसत्वको इच्छानुसार नै ऋतुहरू बदलिरहनेछन् । त्यहाँ चिसो, तातो, जरा, व्याधि वा मरण हुनेछैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"मेरा भूमिका बोधिसत्वहरूले चाहेमा अन्य नै कुनै भूमिमा गएर अनुत्तर बोधि हाँसिल गर्न सक्नेछन् ; तुषिताभूवनमा आफ्नो आयु सिद्धिएर त्यहाँबाट तल अवतरण गरिसकेपछि उनीहरूले बोधि लाभ गर्नेछन् । मेरो बुद्धक्षेत्रमा कसैले निर्वाणमा प्रवेश गर्नेछैन ।[१५]

"आकाशमा नदेखिने गरी लाँखौ बाजाहरू घन्किएको आवाज सुनिनेछ ; ती संगीत लोभले ग्रस्त रागका संगीत होइनन् बरु पारमिताहरू, बुद्ध, धर्म र संघ र बोधिसत्व पिटकका संगीत हुनेछन् । आफ्नो समझशक्ति अनुसार बोधिसत्वहरू अद्भूत धर्म सुन्न सक्षम हुनेछन् । बुद्धलाई देख्न चाहेमा आफू जहाँसुकै होस्, वा जेसुकै गरिरहेको होस्, हिडिरहेको होस्, बसिरहेको होस् वा उभिरहेको होस् बुद्धलाई देख्ने इच्छा मात्र गर्नासाथ समन्तचक्षु तथागत बोधिवृक्षमूनि बसिरहनुभएको देख्नेछन् । धर्मप्रति शंका हुने बोधिसत्वहरूले शंकाको जालो काटेर सो बुद्धलाई देखेको भरमा कुनै उपदेश नै नपाइकनै धर्मको मर्म बुझ्नेछन् ।"

त्यसपछि, परिषदका अनगिन्ती शतसहस्र कोटि नियुत बोधिसत्वहरूले एकैसाथ भने, "समन्तचक्षु बुद्धको केवल नाम सुन्ने प्राणीले त अत्युत्तम लाभहरू हाँसिल गर्छन् भने अझ उहाँको बुद्धक्षेत्रमै जन्मने प्राणीहरूले त के मात्र प्राप्त गर्दा हुन् ? मञ्जुश्री बुद्धक्षेत्र गुण व्यूहलंकार पर्याय तथा मञ्जुश्री नामपर्याय सुन्ने अवसर पाउने व्यक्तिले सवै बुद्धहरूको साक्षात् दर्शन पाइराखेको हुन्छ ।"

बुद्धले ती बोधिसत्वहरूलाई भन्नुभयो, "यस्तै हो, यस्तै हो, तिमीहरूले भनेजस्तै हो । हे कुलपुत्रहरू, मानौ कुनै व्यक्तिले शतसहस्र कोटि बुद्धहरूको नाम मनमा लिइराख्छ । र मानौ अर्को व्यक्तिले मञ्जुश्री बोधिसत्वको नाम मनमा धारण गर्छ । मञ्जुश्री बोधिसत्वको नाम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनमा धारण गर्नेको पुण्य शतसहस्रकोटि बुद्धहरूको नाम धारण गर्नेको भन्दा बढी हुन्छ, झन् समन्तचक्षु बुद्धको नामै मनमा धारण गरिराख्नेको त के कुरा गर्ने ? किन ? किनभने शतसहस्र कोटि नियुत बुद्धहरूले दिने हित पनि मञ्जुश्रीले एक कल्पमा दिने हितसित दाँजिन सक्दैन ।"

त्यसपछि, परिषदमा बसिरहेका असंख्य शतसहस्र कोटि नियूत देव, नाग, यक्ष, गन्धर्व, असूर, गरुड, किन्नर, महोरग, मनुष्य, मनुष्येत्तर आदिले एकैसाथ भने, "हामी मञ्जुश्रीकुमारभूतको शरणमा जान्छौं । हामी समन्तचक्षु तथागत, अर्हत सम्यक सम्बुद्धको शरणमा जान्छौं ।"

यति भनिसकेपछि, आठ नियूत, चार कोटि शतसहस्र सत्वहरूले महा बोधिचित्तोत्पाद गरे । अनगिन्ती संख्यामा सत्व प्राणीहरूले आफ्ना कुशलमूललाई परिपाक गरेर त्रियानबाट अवैर्वतक भए ।

मञ्जुश्रीले पुनः बुद्धलाई भन्नुभयो, "यसको अतिरिक्त, मैले पहिले देखेका शतसहस्र कोटि नियूत बुद्धहरूका भूमिका गुण तथा महिमाले मेरो बुद्धक्षेत्रलाई ब्याप्त पार्ने प्रणिधान गरेको छु। तैपनि मेरो बुद्धक्षेत्रमा द्वियान, पञ्चकषाय इत्यादि हुनेछैनन् । हे भगवन्, म आफैले मेरा बुद्धक्षेत्रका गुण तथा ब्यूहलंकारहरूलाई गिन्ती गर्ने हो भने गंगाका बालुवा जत्तिकै असंख्य कल्पहरूमा पनि तिनको गिन्ती सिध्याउन सक्दिन । केवल बुद्धले मात्र मेरो प्रणिधानको व्यापकतालाई जान्न सक्नुहुन्छ ।"[१७]

बुद्धले भन्नुभयो, "यस्तै हो, मञ्जुश्री । तथागतले विना अन्त, विना अवरोध भूत, वर्तमान र भविष्यका सबैथोक थाहा पाउन सक्छन्, देख्न सक्छन् ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि, परिषदमा केही बोधिसत्वहरूले यस्तो सोंचे, "के मञ्जुश्रीले प्राप्त गर्नु हुने बुद्धक्षेत्रका गुण व्यूह अलंकार अमिताभ तथागतको बुद्धक्षेत्र जस्तै हुनेछन् त ?

ती बोधिसत्वहरूका मनका बिचार थाहा पाउनुभै भगवान् बुद्धले तुरुन्तै सिँहनाद बोधिसत्वलाई भन्नुभयो, "मानौ कुनै व्यक्तिले एउटा रौंलाई शयौ टुक्रा हुनेगरी काट्छन् र महासागरमा एक टुक्रा रौं चोपलेर त्यहाँको पानी निकाल्छ । यदि त्यो पानीको एक थोपा अमिताभ बुद्धको बुद्धक्षेत्रको व्यूह अलंकारसित तुलना गरेर महासागरको पूरै पानी समन्तचक्षुको बुद्धक्षेत्रको व्यूहलंकारसित तुलना गरेपनि त्यो तुलना अपर्याप्त हुनेछ । किन ? किनभने समन्तचक्षु तथागतको बुद्धक्षेत्रको व्यूह अलंकार अचिन्त्य छ ।"

सिँहनाद बोधिसत्वले बुद्धलाई सोध्नुभयो, "हे भगवन्, भूत, वर्तमान् वा भविष्यमा त्यो बुद्धक्षेत्र जत्तिकै भव्य कुनै बुद्धक्षेत्र भए होला, वा छ होला ?"

बुद्धले जवाफ दिनुभयो, "छ एउटा, हे कुलपुत्र । पूर्वमा एउटा अनुत्तर प्रणिधानस्थित नामक बुद्धक्षेत्र छ । त्यो बुद्धक्षेत्र यति टाढा छ कि त्यहाँसम्म पुग्नलाई प्राणीले दश कोटी गंगाका बालुवाहरू जत्तिकै असंख्य लोकधातुहरू पार गर्नुपर्छ । त्यहाँ समन्तराज शास्वत ज्योति पुण्यसागर नामक बुद्ध रहनुहुन्छ । उक्त बुद्धको आयुसंस्कार अपरिमित तथा अनन्त छ । उहाँले सधै बोधिसत्वहरूलाई धर्मदेशना गरिरहनु हुन्छ । हे कुलपुत्र, त्यो बुद्धक्षेत्रको गुणव्यूहहरू ठिक समन्तचक्षु तथागतको बुद्धक्षेत्रका गुणव्यूह जस्तै छन् ..."

त्यसपछि, सिँहनाद बोधिसत्वले बुद्धलाई सोध्नुभयो, "हे भगवन्, मञ्जुश्रीले कहिले महाबोधि प्राप्त गर्नुहुनेछ ? त्यो बुद्धको आयुसंस्कार कतिको हुनेछ र उहाँका कतिजना बोधिसत्वहरू हुनेछन् ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धले जवाफ दिनुभयो, "हे कुलपुत्र, तिमीले मञ्जुश्रीलाई नै सोध न।"

तदनुसार सिँहनाद बोधिसत्वले मञ्जुश्रीलाई सोध्नुभयो, "हे आर्यपुरुष, तपाईले कहिले महाबोधि लाभ गर्नुहुन्छ ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "हे कुलपुत्र, यदि आकाशधातु एक ठोस बस्तु बन्न सकेको भए मैले महाबोधि लाभ गर्न सक्थे। यदि मायापुरुषले बोधि लाभ गर्न सके मैले बोधि लाभ गर्न सक्थे। यदि क्लेशविहिन अर्हत र महाबोधिमा भेद नभए मैले बोधि लाभ गर्न सक्थे। यदि एक स्वप्न, प्रतिध्वनि, प्रतिबिम्व वा मायानिर्मित ब्यक्तिले बोधि लाभ गर्न सके मैले पनि बोधि लाभ गर्न सक्थे। चन्द्रमा चम्कदाखेरी दिन भए र सूर्य चम्किदाखेरी रात भए मैले महाबोधि लाभ गर्न सक्थे। हे कुलपुत्र, तपाई यो प्रश्न बोधि खोज्नेहरूलाई सोध्नुहोस्।"

सिंहनाद बोधिसत्वले सोध्नुभयो, "हे आर्यपुरुष, के तपाई बोधि खोज्नु हुन्न ?"

मञ्जुश्रीले जवाफ दिनुभयो, "खोज्दिन। किन खोज्दिन ? मञ्जुश्री बोधिज्ञान भन्दा भिन्न छैन र बोधिज्ञान मञ्जुश्रीभन्दा भिन्न छैन। किन ? किनभने 'मञ्जुश्री' एउटा कल्पित नाम मात्र हो र त्यस्तै 'महा बोधि' पनि एउटा कल्पित नाम नै हो। अपितु, नामको अस्तित्व नै हुँदैन र नामले कार्य गर्न सक्दैन ; तसर्थ यो शून्य छ। शून्यताको स्वभाव बोधिज्ञानभन्दा भिन्न छैन।"

त्यसपछि बुद्धले सिंहनाद बोधिसत्वलाई सोध्नुभयो, "के तिमीले अमिताभ तथागतको परिषदमा श्रावक तथा बोधिसत्वहरू देखेका छौ वा तिनका आवाज सुनेका छौ ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहनाद बोधिसत्वले जवाफ दिनुभयो, "देखेको छु।"

बुद्धले सोध्नुभयो, "कति जना छन् त ?"

सिंहनाद बोधिसत्वले जवाफ दिनुभयो, "उनीहरूको संख्या अनगिन्ती एवं अचिन्त्य छ।"

बुद्धले भन्नुभयो, "हे कुलपुत्र, मगध अधिराज्यमा रहेको एउटा भकारीबाट एक दाना आलसलाई झिकेर अमिताभ तथागतको बुद्धक्षेत्रका श्रावक तथा बोधिसत्वका संख्यासित तुलना गरेर त्यो भकारीमा बाँकी रहेका दानाहरूलाई मञ्जुश्रीले महाबोधि लाभ गरिसकेपछि परिषदमा रहने बोधिसत्वहरूको संख्यासित तुलना गर्नु। त्यो तुलना पनि अपर्याप्त हुनेछ।[१८]

"हे कुलपुत्र, यदि कसैले यस त्रिसाहस्र महासाहस्र लोकधातुका सूक्ष्म धूलोकणहरूका संख्यालाई समन्तचक्षु तथागत बाँच्ने कल्पहरूसित तुलना गरेमा त्यो व्यक्तिले त्यो संख्यालाई शतसहस्र कोटिले वा सांखिक वा शाब्दिक रुपले जुनसुकै संख्याले गुणा गरेपनि त्यो प्राप्त हुने संख्या उहाँ बाच्ने कल्पहरूको संख्याभन्दा कम हुनेछ। त्यो तथागतको आयुसंस्कार अनगिन्ती एवं अप्रमेय छ भनेर तिमीले थाहा पाउनुपर्छ।

"मानौ कुनै व्यक्तिले त्रिसाहस्र महासाहस्र लोकधातुलाई स–साना धूलोका कणहरूमा टुक्र्याउँछ, अरु ब्यक्तिले पनि त्यस्तै गर्छ, यसरी दश जना ब्यक्तिले त्रिसाहस्र महासाहस्र लोकधातुलाई ससाना धूलोकणहरूमा टुक्र्याउँछन्। अनि तीमध्ये एकजनाले त्रिसाहस्र महासाहस्र लोकधातुका ती सबै धूलोकणहरू सोहोरेर लिन्छ। पूर्वतर्फ यात्रा गर्दै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफूले बोकी लगेका धूलोकणहरू जत्तिकै असंख्य लोकधातुहरू पार गरेपछि उसले एउटा धूलोकण खसाल्छ । आफूले बोकी लगेका धूलोकणहरू नसकियून्जेल उसले खसालेको खसाल्यै गर्छ। ती दशमध्ये अर्को ब्यक्ति दक्षिणतर्फ लाग्छ र त्यस्तै गर्छ । पश्चिम, उत्तर, चार अन्तर्दिशा, उर्ध्वअध दिशामा एक एक जना मानिस यसरी नै यात्रा नगरुञ्जेल यो यत्तिकै जारी रहन्छ । हे कुलपुत्र, उसले कति लोकधातुहरूमा यात्रा गरे होला कसैले भन्न सक्ला ?"

सिंहनाद बोधिसत्वले उत्तर दिनुभयो, "सक्दैन ।"

बुद्धले सोध्नुभयो, "हे कुलपुत्र, मानौ ती दश व्यक्तिहरुले आफूले यात्रा गरेका दश दिशाका हरेक लोकधातु जहाँ आफूले धूलोकण खसालेको होस या नहोस्, लाई ससाना धूलोकणहरूमा टुक्र्याउछन् । तिमी के सोच्छौ ? के कसैले गिन्ती गरेर ती धूलोका कणहरूको संख्या बताउन सक्ला ?"

सिंहनाद बोधिसत्वले जवाफ दिनुभयो, "सक्दैन, भगवन् । ती गिन्ती गर्ने प्राणी त भ्रमित हुनेछ र तिनको संख्या थाहा पाउन अक्षम हुनेछ ।"

बुद्धले भन्नुभयो, "हे कुलपुत्र, यी धूलोका कणहरूको संख्या सबै बुद्धहरूले थाहा पाउन सक्छन् । तथागतलाई त यो भन्दा धेरै संख्या थाहा छ ।"

मैत्रेय बोधिसत्वले भगवान बुद्धलाई भन्नुभयो, "हे भगवन्, यस्तो महाज्ञान प्राप्त गर्नलाई बोधिसत्वहरूले असंख्य कोटि कल्पसम्म महानरकका अति दारूण दुःख सहनुपरेपनि महाज्ञानको खोजीलाई त्यागनुहुन्न ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धले भन्नुभयो, "हे मैत्रेय, त्यस्तै हो, तिमीले भनेजस्तै हो। किनकी नीच र हीन तथा अल्छी र शिथिल प्राणीहरूलाई छोडेर यस्तो महाज्ञान भनेको कसले चाहँदैनन् र कसले उपभोग गर्दैनन् र ?"

यो ज्ञानको उपदेश दिइसकेपछि दश हजार सत्वहरूले बोधिचित्तोत्पाद गरे। त्यसपछि बुद्धले सिंहनाद बोधिसत्वलाई भन्नुभयो, "हे कुलपुत्र, तिमी के सोच्छौ ? मञ्जुश्रीले यी दश व्यक्तिहरूले पार गरेर गएका दश दिशाका लोकधातुहरूमा रहेका ससाना धूलोकणहरू जत्तिकै असंख्य कल्पहरूसम्म बोधिसत्व मार्ग अनुशरण गर्नेछन्। किन? मञ्जुश्रीका महा प्रणिधानहरू अचिन्त्य छन्, उनका संकल्प र साधना पनि अचिन्त्य नै छन् ; त्यसरी नै अचिन्त्य उनले बोधि प्राप्त गरेपछि उनको आयुसंस्कार र बोधिसत्वहरूको परिषद हुनेछ।"

सिंहनाद बोधिसत्वले बुद्धलाई भन्नुभयो, "हे भगवन, मञ्जुश्रीको अभिलाषा निकै महान छ, र उनले अनुशीलन गरेका अभ्यासहरू पनि उत्तिकै महान छन्। माथि उल्लेखित धूलोकणहरू जत्तिकै असंख्य कल्पहरूसम्म तिनको अभ्यास गरेर पनि उनी कहिल्यै थाकेनन्।"

मञ्जुश्रीले भन्नुभयो, "यस्तै हो, यस्तै हो, तपाईले भन्नुभएजस्तै हो। तपाई के सोच्नुहुन्छ ? के आकाशधातुले दिन, रात, महिना, ऋतु, वर्ष र कल्पहरूसम्म टिकिरहन्छु भनेर सोच्छ ?"

सिंहनाद बोधिसत्वले जवाफ दिनुभयो, "सोच्दैन।"

मञ्जुश्रीले भन्नुभयो, "यस्तै हो कुलपुत्र। सबै धर्महरू यथार्थमा आकाश समान छन् भनी बोध गर्ने प्राणीहरूसँग विकल्प हुँदैन र सूक्ष्म ज्ञान हुन्छ र अतः उनीहरूले यस्तो सोच्दैनन्, 'म दिन, रात, महिना, ऋतु, वर्ष र कल्पहरूसम्म टिकिरहन्छु।' किन ? किनभने उनीहरूसित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्महरूको कुनै बिचार हुन्न । हे कुलपुत्र, आकाशधातुले कहिल्यै थाक्यो र पीडा भयो भनेर सोच्दैन । किन ? किनभने गंगाका बालुवा जत्तिकै असंख्य कल्पहरू बितिसक्दा पनि आकाशधातुको उत्पत्ति हुन्न, न त यसलाई आगोले नै खाएर नष्ट गर्न सक्छ ; यो अक्षय छ । किन ? किनभने आकाशधातु अस्तित्वमै हुदैन । तसर्थ, हे कुलपुत्र, कुनैपनि धर्मको अस्तित्व छैन भनेर बोधिसत्वले बुझ्े उनमा भतभती पोल्ने पीडा र थकान भन्ने नै हुँदैन । हे कुलपुत्र, 'आकाश' भन्ने नाम अग्निक्षयबाट मुक्त छ । यो पोल्ने पीडाबाट मुक्त छ र यसले थकानको महसुस गर्दैन । यो चल्दैन वा बदलिदैन । यो न उत्पन्न हुन्छ न पाको हुन्छ । यो आउंदा पनि आउदैन र जाँदा पनि जाँदैन । 'मञ्जुश्री' लाई पनि यही तथ्य लागु हुन्छ । किन ? किनभने नाममा आत्मभाव हुँदैन ।"

यो धर्म देशना भइसकेपछि, चतुर्महाराजकायिका, शक्र, ब्रम्हा, महापुण्य सम्पन्न देवताहरू र अरू सबैले एकैसाथ भने, "यो धर्मपर्याय सुन्ने सत्वहरूले नै अवश्यमेव कुशल, महालाभहरू पाउँछन् भने झन् यसलाई ग्रहण गरी, अभ्यास, पाठ गर्ने प्राणीहरूको के मात्र हुँदो हो ? उनीहरूले प्राप्त गर्ने कुशलमूल निकै व्यापक तथा महान हुनेछन् भन्ने कुरा थाहा हुनुपर्छ । हे भगवन्, हामी यो गम्भीर धर्मलाई ग्रहण, अभ्यास, पाठ गर्छौं, र यसलाई प्रचार प्रसार गर्छौं किनभने हामी यसलाई धारण गरी सुरक्षित गरेर राख्न चाहन्छौ ।"

त्यसपछि सिंहनाद बोधिसत्वले बुद्धलाई भन्नुभयो, "हे भगवन्, मानौ यस धर्मपर्याय सुनिसकेपछि कुनै ब्यक्तिले यसलाई अभ्यास, पाठ गर्छ ; यसको चिन्तन गर्छ ; र बुद्धक्षेत्रलाई गुणहरूले अलंकृत पार्ने संकल्प लिन्छ । उसले कुन कोटिको पुण्य पाउँछ ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धले जवाफ दिनुभयो, "हे कुलपुत्र, तथागतले आफ्नो अप्रतिहत बुद्धचक्षुद्वारा अनेक बुद्ध र बुद्धक्षेत्रहरू देख्न सक्छन् । मानौ कुनै बोधिसत्वले यी सबै तथागतहरूलाई कालान्तरसम्म यी तथागतहरूका पूरै बुद्धक्षेत्रहरू ढाक्ने गरी अद्भूत कोषहरू दान दिन्छन्, र सुरक्षितपूर्वक शीलहरूमा स्थित रही सबै सत्वहरूलाई निष्पक्षरूपले व्यवहार गर्छन् । मानौ अर्को व्यक्तिले मञ्जुश्री बुद्धक्षेत्रगुणब्यूहलंकारलाई ग्रहण गरेर अभ्यास गर्छन्, पढ्छन् र पाठ गर्छन् र सात पाइला हिड्दा लाग्ने जत्तिकै छोटो समयसम्म भएपनि मञ्जुश्रीले टेकेका मार्ग अनुशरण गर्ने प्रणिधान गर्छ भने पहिलो बोधिसत्वको पुण्यलाई एकशयले गुणा गर्दा पनि वा संख्यात्मक वा शाब्दिक कुनैपनि संख्याले गुणा गर्दा पनि त्यो पुण्य दोश्रो बोधिसत्वको पुण्य भन्दा कमै हुनेछ ।"

त्यसपछि, मैत्रेय बोधिसत्वले बुद्धलाई सोध्नुभयो, "हे भगवन्, यस धर्मद्वार लाई हामीले के भनेर बोलाउने ? यसलाई हामी कसरी धारण गर्ने ?"

बुद्धले जवाफ दिनुभयो, "यस धर्मद्वारलाई *'बुद्धका ऋद्धिप्रातिहार्य'*, वा *'प्रणिधान प्राप्ति'*, वा *'मञ्जुश्रीबुद्धक्षेत्रगुणव्यूहलंकार'*, वा *'बोधिचित्तोत्पाद गर्ने बोधिसत्वलाई सुख प्रदान'* वा *'मञ्जुश्री को बुद्धत्वप्राप्तिको व्याकरण'* भनेर बोलाईनेछ । तिमीले यी नामहरूद्वारा यसलाई ग्रहण गर्नुपर्छ र धारण गर्नुपर्छ ।"

यस धर्मपर्यायलाई पूजा चढाउन, दशदिशाहरूबाट आएका बोधिसत्वहरूले थुप्रै पुष्पहरूको वृष्टि गराए र बुद्धलाई प्रशंसा गरेर भने, "हे भगवन्, तपाई अत्यन्तै असाधारण हुनुहुन्छ ! मञ्जुश्री बोधिसत्वले सिंहनाद गरेर देशना गर्नुभएको यस अचिन्त्य, अति सुन्दर सद्धर्म उपदेश सुन्ने महान अवसर पाउनु हाम्रो कस्तो अहो भाग्य !" यी शब्दहरू बोलिसकेपछि ती सबै आ–आफ्ना स्थानहरूमा फर्के ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जब यो धर्मको व्याख्या गरियो, गंगाका बालुवा जत्तिकै असंख्य बोधिसत्वहरूले अवैवर्तिक भूमि प्राप्त गरे र अनगिन्ती सत्वहरूका कुशलमूलहरू परिपाक भए ।

त्यसपछि, मञ्जुश्रीले तुरुन्त *बोधिसत्वको सर्वधर्म मायावत् छन् भनी प्रदर्शनार्थ ज्योति फिजाउने* समाधिमा प्रवेश गर्नुभयो । समाधिमा प्रवेश गरिसक्नुभएपछि, उहाँले परिषदका सबैले दशदिशाका सबै अनगिन्ती बुद्धक्षेत्रहरूलाई र ती हरेक बुद्धक्षेत्रको गुणव्यूह हरेक बुद्धको समुपस्थितिमा एक एक जना मञ्जुश्रीले बयान गरिरहनुभएको देख्न सक्ने पारिदिए । यी सब देखिसकेपछि परिषदका सबैले मञ्जुश्रीका गम्भीर महाप्रणिधानहरू असाधारण छन् भनेर विश्वास गरे ।

बुद्धले यो सूत्रलाई ब्याख्या गरिसक्नुभएपछि, बोधिसत्व, भिक्षु, भिक्षुणी, उपाशक, उपाशिका, देव, नाग, यक्ष, गन्धर्व, असुर, गरुड, किन्नर, महोरग, मनुष्य र मनुष्येत्तरहरू सबै बुद्धको उपदेशमा खुशी प्रकट गर्दै त्यसलाई सश्रद्धा ग्रहण गरेर आदरपूर्वक अभ्यास गरे ।

भवतु सर्व मङ्गलम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाद टिप्पणी

१. ग्रन्थमा ती प्राणीहरूले कस्तो बोधिज्ञान प्राप्त गरे भन्ने बारे प्रस्टयाएको छैन । के यहाँनेर 'बोधि' भन्ने शब्दले शून्यता वा तथता ज्ञानलाई संकेत गरेको हो त वा केवल कुनै विशेष सत्य बोध हुनुलाई नै यहाँ बोधि भन्न खोजेको हो ? के ती सबै प्राणीहरूले एउटै भूमिका बोधिज्ञान प्राप्त गरेका छन कि छैनन् ? यी सब कुराहरूबारे ग्रन्थ मौन देखिन्छ । तैपनि मेरो विचारमा यस सूत्रका यो र अरू चमत्कारहरू सबै सांकेतिक हुन् । (जि. सि.)

२. "उहाँका शरीर बत्तीस मंगलमय लक्षणहरूले अलंकृत छ," भन्ने वाक्यांश माथि नै भनिसकेकोले यहाँ मेटिएको छ ।

३. शाब्दिक अर्थमा, "गतिमान बज्र सिंह"

४. यस पंक्तिका वाक्यहरू माथिल्लो कथनसित बाझिएतापनि तिनलाई भिन्नाभिन्नै अर्थमा बुझ्नुपर्छ । माथिल्लो कथनले निर्विकल्प र अप्रतिवेक्षणीय परमार्थ सत्यको परम स्वभावलाई नै व्याख्या गर्न खोजेको छ भने अर्कोतर्फ धर्मको अभ्यास गर्दा कुनै निश्चित भूमिसम्म आफ्नो ज्ञानलाई वढाउदै लैजानको लागि प्रतिवेक्षणको आवश्यकता पर्ने हुन्छ । भनिन्छ पूर्ण ज्ञान नभएसम्म ग्राहक–ग्राह्य को विकल्पलाई निर्मूल पार्न मनको शून्यतालाई गहिरोपूर्वक प्रतिवेक्षण गर्नुपर्छ ।

यो पंक्ति अत्यन्तै अस्पष्ट छ । तीनवटा संस्करणहरू (शिक्षानन्दकृत ताइशो ३१०, पेज ३४५, चु फा हु कृत ताइशो ३१९, पेज ९१२, अमोघकृत ताइशो ३१९, पेज ९१२) ले पनि यस पंक्तिलाई भिन्नाभिन्नै किसिमले अनुवाद गरेको पाइन्छ । यसको वैकल्पिक अनुवाद :

"हे कुलपुत्र, बुद्धधर्म धर्म पनि होइन वा अधर्म पनि होइन । किन? किनभने बुद्ध धर्म कहाँबाट पनि उत्पन्न हुँदैन । यो वाक्य सुनेर आदिकर्मिक बोधिसत्वहरू भयभीत भएका खण्डमा ती बोधिसत्वहरूले शिघ्र बोधिज्ञान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्त गर्छन् ; यदि उनीहरूले विकल्पयुक्त विचारले "अब म बोधि प्राप्त गर्न जादैछु ," भनी सोचेमा उनीहरूले बोधिचित्तोत्पाद गरी तत्काल ज्ञानप्राप्तितर्फ आफ्नो लक्ष्य निर्देशित गर्छन् जसको फलस्वरूप बोधिज्ञान प्राप्त गर्छन्। माथि उल्लेखित विकल्प नै भएन भने बोधिज्ञान र बोधिचित्त दुवै अग्राह्य हुन् भनी बोध गरिन्छ। जुन चीज अग्राह्य हुन्छ त्यसलाई कल्पना गर्न सकिन्न। कल्पना नै गरिएन भने तत्काल ज्ञानको त प्रश्नै उठ्दैन। किन ? तत्काल ज्ञान गर्नलाई कुनै ग्राह्य वस्तु नै भएन।"

५. अर्थात, यो जुनीमा जस्तै अर्को जुनीमा पनि फेरि चक्रवर्ती सम्राट नै भएर जन्मनु।

६. शाब्दिकरूपले, "परिपूर्ण हुनु"

७. अर्थात, पञ्च स्कन्ध स्वभावैले बुद्धत्वसँग समान हुन्छ।

८. यो वाक्य अलि जटिल भएपनि यसको दार्शनिक महत्व रहेकोले हामीले यसलाई शाब्दिकरूपले अनुवाद गर्न उचित ठान्यौ।

९. अर्थात, अहिले सर्वसाधारण सत्वहरू भविष्यमा तथागतहरू बन्नेछन्।

१०. अर्थात, यसको अर्को अनुवाद यो हुन सक्छ : "पुनश्चः, हे भगवन्, दश कोटि लोकधातुहरूमा जति लोकहरू छन् त्यति नै बोधिवृक्षहरू मेरो बुद्धक्षेत्रमा होउन्। ती वृक्षहरूले मेरा सम्पूर्ण बुद्धक्षेत्रमा आफ्नो प्रकाश फैलाउन् भनी म प्रणिधान गर्छु।"

११. यसले परिनिर्वाणमा प्रवेश गरिसकेका हीनयान अर्हतहरूलाई संकेत गरेको हुनुपर्छ।

१२. समन्त चक्षु तथागतको बुद्धक्षेत्रमा कुनै पनि श्रावक नरहने भएकोले यस वाक्यले अरू नै बुद्धक्षेत्रका श्रावकलाई ईंगित गरेको हो।

१३. यी वाक्यहरूले "चित्तमात्र" सिद्धान्तलाई संकेत गरेका हुन् जसअनुसार वाह्य जगतका सबै धर्महरू (सबैथोक) खाली मनको प्रक्षेपण वा प्रतिविम्व सिवाय केही होइनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१४. यसको अर्थ के हो भने त्यो क्षेत्र बोधिसत्वहरूकै प्रकाशले यस्तो देदिप्यमान हुन्छ कि फूलहरूले आफ्ना पत्रदलहरू खोल्दा वा बन्द गर्दा मात्र दिन र रात भएको थाहा पाइने हुन्छ ।

१५. यो शायद मञ्जुश्रीको भावी बुद्धक्षेत्रको सबैभन्दा महत्वपूर्ण अलंकार हो । यसले आफैले अनुत्तर सम्बोधि प्राप्त गर्नुभन्दा पूर्व सत्वहरूलाई उद्धार गर्ने मञ्जुश्रीको कस्तो गम्भीर आशय भन्ने देखाउछ । (भि.एस.बि)

१६. अर्को संस्करण, टाइशो ३१९, पेज ९१५ ले भन्छ : "अनुत्तर बोधिबाट कदापि पछि नहट्ने अदैवर्तिकता भूमि प्राप्त गरे ।"

१७. यहाँ बोधिसत्व मञ्जुश्रीको वाकशक्तिले पनि उहाँको भावी बुद्धक्षेत्रको गुणव्यूहहरू व्यक्त गर्न सकेन ।

१८. यस सूत्रमा, मञ्जुश्रीको बुद्धक्षेत्र अरू बुद्धक्षेत्र जस्तै अमिताभ तथागतको बुद्धक्षेत्र भन्दा तुलनात्मकरूपले समय, ठाउँ र गुणव्यूह सबै चीजले उच्च छ भनी व्याख्या गरिएको छ । यसलाई पाठकले दुइटा बुद्धक्षेत्रहरू बीच तुलना गर्ने अत्यन्तै तुलनात्मक वाक्यको रूपमा लिनु हुँदैन । वरु यसलाई निर्माणकायको शुद्ध भूमि र सम्भोगकायको शुद्धभूमिबीचको भेदलाई जोड दिने वाक्यको रूपमा लिइनुपर्छ । मञ्जुश्रीको बुद्धक्षेत्र सम्भोककाय बुद्धक्षेत्र हो जुन शास्वत तथा अनन्त छ र शून्यता वा धर्मकायको प्रतिविम्व हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The Prediction of Manjusri's Attainment of Buddhahood

(A sutra from *a Treasury of Mahayana Sutras*)

Translated from the Chinese by
The Buddhist Association of the United States

Garma C.C. Chang, General Editor

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The Prediction of Manjusri's Attainment of Buddhahood

Thus have I heard. Once the Buddha was dwelling on Mount Grdhrakuta near the city of Rajagrha. He was accompanied by one thousand great monks; eighty-four thousand Bodhisattvas, led by the Bodhisattvas Manjusri, Avalokitesvara, and Mahasthama..

At the time, in the city of Rajagrha, the king, his ministers, the four kinds of devotees, gods, dragons, yaksas, humans, nonhumans, and so forth offered clothing, food and drink, bedding, medicine, and other necessities of life to the Tathagata with respect and esteem.

One morning, the world-Honored One, dressed in his robe and holding his bowl, walked toward the palace of King Ajatasatru in the city of Rajgrha, surrounded by hundreds of thousands of monks and gods. By the awesome miraculous powers of the Buddha, hundreds of thousands of lights of various wonderful colors shone forth; hundreds of thousands of musical instruments sounded together; and exquisite flowers, such as blue lotuses, white lotuses, and giant white lotuses, showered down in profusion. Then, by the awesome miraculous powers of the Tathagata, precious lotuses, each as big as a cart wheel, sprang forth from the ground on which he walked. The stems of these lotuses were silver, the leaves were real gold, and the pistils were lapis lazuli. On each lotus seat was a magically produced Bodhisattva sitting in the position of meditation. Without rising from their seats, these magically produced Bodhisattvas circled the city of Rajagrha seven times to the right and spoke (to the citizens) in verse:

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"The worthy One of the Sakya Clan,
Like a great merchant leader,
Benefits and gladdens sentient beings, and makes them secure.
He has great, awesome virtue and peaceful mind;
Upon him may mankind rely.
Now he will enter the city.

Those who desire freedom
From the sufferings of old age and death,
Those who wish to enjoy heavenly palaces,
And those who want to defeat the demon-hordes
Should keep close to the wonderfully eloquent
Lord of mankind.

Just to hear his name is rare, and now he appears!
He has cultivated (virtuous) practices
For hundreds of thousands of kalpas,
And has appeared in the world out of great compassion.
The Honored One will enter the city.

He has practiced giving
Immeasurably, boundlessly;
Giving even his children, wife, throne,
Head, eyes, ears, nose, hands, and legs,
Let alone clothing, food, and drink.
He has cultivated incalculable merits by giving
And has realized unexcelled all-knowing wisdom.
By giving, he has subdued his mind
And strengthened his virtuous practices.

Greatest of men, he upholds pure discipline
And has achieved innumerable merits by patience.
The ever-calm one will enter the city.

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

He as practiced with supreme vigor
For millions of kalpas:
Out of vast concern for suffering sentient beings,
He forgets all weariness.
He has perfected immeasurable, peerless meditation;
The one with pure voice will enter the city.

His wisdom is immeasurable, unrivaled,
And as limitless as space,
As is the discipline
Observed by the Supreme Honored One of humans.

He cultivates all (virtuous) practices with pure wisdom;
He can defeat demon-hordes and rescue sentient beings;
He can abide in the carefree, immovable state;
He, the unequaled Dharma king, turns the Dharma-wheel.
The Lion of the Sakya Clan will enter the city.

Those who wish to become Buddhas,
And to appear in the world
Adorned with the thirty-two signs,
Should engender supreme bodhicitta
And make offerings to the Tathagata.

Those who wish to abandon
Desire, hatred, and ignorance forever,
And be free from all afflictions
Should at once keep close to the Lion of the Sakya Clan
And make all kinds of offerings to him.

Those who wish to become sakras or brahmas soon,
Attended by retinue of thousands,
And to enjoy never-ending amusements in heavenly palaces
Should keep close to the Lion of the Sakya Clan.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

One who wishes to be a great universal monarch
Ruling over the four continents,
Possessing the seven treasures
To his heart's content,
And having a thousand brave, robust sons,
Should make offerings to the Supreme Honored One.

Those who wish to be elders or rulers of cities,
With immense, ever immeasurable wealth,
And household members unrivaled in beauty,
Should make offerings to the Lion of the Sakya Clan.

Because of hearing the Buddha's teaching
On the quiescent Dharma,
[Innumerable] sentient beings have achieved liberation,
And others will do so in the future.
To meet the Supreme One is an opportunity most rare,
So we should hear him teach the nectar-like Dharma,
Which can ease our worries."

After hearing these verses, countless people in the city of Rajagrha, male and female, young and old, all became enlightened[1] and went to (the outskirts of the city to welcome) the Tathagata with incense, flowers, precious canopies, banners, and many musical instruments. They paid homage to him with all their hearts, danced for joy (to see him) , and respectfully made offerings to him.

When the World-Honored One stepped on the threshold of the city, the earth quaked in six ways, exquisite flowers rained down from the sky, and musical instruments instantly sounded together. The blind regained their sight, the deaf regained their hearing, the lunatics regained their sanity, the naked gained clothes, the

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

hungry gained food, and the poor gained wealth. (The citizens) were no longer oppressed and vexed by desire, hatred, ignorance, and arrogance; they were as kind to one another as a father is to his son. They spoke in verse to the accompaniment of music:

" The greatest man, who has the ten powers,
The Supreme One among humans,
The Lion of the Sakya Clan,
Is entering the capital city
In order to benefit sentient beings
By giving them peace and happiness.

Now, the blind regain their sight,
The deaf regain their hearing,
The lunatics regain their sanity,
The naked gain clothes,
The hungry gain delicious food,
And the poor gain wealth.

In the sky, hundreds of thousands of billions of gods
Play musical instruments as an offering to the Buddha.
The Honored One, endowed with virtues and the ten powers,
Is entering the city now.

In the city, the earth quakes in six ways-
The universal quake and so forth-
But not a single sentient being is afraid;
Rather, all of them are overjoyed.

Now the sentient beings in the city
Are not afflicted by desire,
Hatred, ignorance, avarice, or jealousy;
Their hearts are full of joy,
And they are kind to one another.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

May the Buddha enter the city quickly
To give peace and happiness to sentient beings.

As the World-Honored One enters the city,
He emits great lights,
And humans and gods play musical instruments
With cheerful hearts.
Miracles like this are varied and innumerable.
Gods, humans, and asuras all revere the Enlightened One."

At that time, a Bodhisattva named Destroying Vice, the son of elder, was living in Rajagrha. Standing in an alley, he saw from a distance the World- Honored One, who possessed the thirty-two wonderful, auspicious signs and the eighty minor ones. The Buddha's face was handsome, and his eyes clear and bright. All his sense-organs were perfectly calm. He was an ever-pleasant sight to those who saw him. He abided in samatha, holding himself in perfect control. He guarded and protected his sense-organs like a well-tamed elephant. His mindfulness was correct and undisturbed, like a clear deep pool.[2]

When he saw these characteristics of the Tathagata, Bodhisattva Destroying Vice felt great respect for him and pure faith in him. He went to the Buddha, bowed with his head at the Buddha's feet, circumambulated him three times to the right, and then stood to one side. At the same time, incalculable hundreds of thousands of sentient beings gathered around the Buddha. Gods without number remained in midair, joining their palms and bowing down with veneration.

Then, Bodhisattva Destroying Vice asked the Buddha, "World-Honored One, how can a Bodhisattva attain supreme enlightenment quickly and adorn and purify a Buddha-land as he wishes?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The World-Honored One, because of his wish to subdue sentient beings and his compassion for Bodhisattva Destroying Vice, then walked to the marketplace and told him in the presence of the crowd, "Good man, if a Bodhisattva achieves one thing, he will attain supreme enlightenment quickly and adorn and purify a Buddha-land as he wishes. Good man, what is that thing? It is to engender bodhicitta with superior aspiration in order to show great compassion for sentient beings. "What is it to engender bodhicitta with superior aspiration? The answer is: those who engender bodhicitta should not do any evil, not even the slightest amount.

"What evils should they not do? They should keep far away from desire, hatred, and ignorance. If they are lay people they should maintain dignified deportment and avoid flirtation. If they are monks or nuns, they should not long for fame, profit, or respect, but abide in the practice of those who have left the household life.

"What is that practice? It is to comprehend all dharmas as they really are... By contemplating, for example, that the five aggregates are still and empty, like nonexistent illusions. When one comprehends them in this way, he does not consider himself as comprehending anything, nor does he feel anything or think of anything; all discriminations are extinguished in his mind. If a person comprehends the five aggregates in this way, he comprehends all things. This is the practice of those who have left the household life.

"When a Bodhisattva cultivates this practice, he does not forsake any sentient being. Why? Because the Boddhisattva explains this Dharma to sentient beings according to his own insight, without attachment to the Dharma he explains or to the sentient beings who hear it. Good man, a Bodhisattva who fulfills

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

this will be able to attain supreme enlightenment quickly and to perfect a Buddha-land."

When this doctrine was spoken, Boddhisattva Destroying Vice achieved the Realization of the Non-arising of Dharmas, danced with joy, and ascended in midair to a height of seven palm trees placed one above another. In the assembly, two thousand sentient beings engendered bodhicitta, and fourteen thousand gods and humans freed themselves from defilements and acquired the clear Dharma-eye, capable of penetrating all dharmas...

When the World-Honored One and the monks arrived at the palace of King Ajatasatru, they arranged their seats and sat down in due order.

The king then personally offered various kinds of food and drink to the world-Honored One and the monks until he had fully provided for them. He also offered the finest garments to the Tathagata. Then, in front of the Buddha, he took an inferior seat and asked him, "World-Honored One, what is the origin of hatred, anger, and vexation? How can delusion and ignorance be eliminated?"

The Buddha replied to the king, "Hatred, anger, and vexation arise from the 'I' and 'mine.'' Those who do not know virtues, faults, and the 'I' and 'mine' have no wisdom. Those who truly know the 'I' and 'mine' are beyond wisdom and non-wisdom. Your Majesty should know that all phenomena come from nowhere and go nowhere. If they neither come nor go, they neither arise nor cease. If they neither arise nor case, there is neither wisdom nor non-wisdom. Why? Because there is nothing whatsoever which can know arising and nonarising. If one can transcend 'that which knows,' he is said to have true knowledge."

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Then, King Ajatasatru said to the Buddha, "The World-Honored One is most extraordinary! The teaching of the Tathagata, the Worthy One, the Perfectly Enlightened One, is most wonderful! Now I would rather die in the course of hearing the Dharma explained then continue to live in vain!"

Having instructed and illuminated King Ajatasatru, and gladdened him, the World-Honored One rose from his seat and returned to Mount Grdhrakuta. There, the World-Honored One arranged his seat, washed his feet, and sat down to enter samadhi.

Later in the afternoon that day, the Tathagata emerged from his samadhi in order to preach the Dharma, and the great Boddhisattvas and Sravakas also emerged from samadhi. At that time, Manjusri, accompanied by forty-two thousand gods who followed the Bodhisattva-path, Bodhisattva Maitreya, accompanied by five thousand Bodhisattvas; Bodhisattva Lion of Thundering Voice, accompanied by five hundred Bodhisattvas-all these Bodhisattvas, many Sravakas, and King Ajatasatru, all surrounded by their retinues, arrived at the Tathagata's dwelling place. They bowed down with their heads at the Buddha's feet, and then sat to one side. Also, innumerable hundreds of thousands of other sentient beings went from Rajagrha to Mount Grdhrakuta. When they arrived, they all bowed with their heads at the Buddha's feet, and then sat to one side....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

—II—

Then Bodhisattva Lion of Thundering Voice[3] rose from his seat, bared his right shoulder, knelt on his right knee, joined his palms towards the Buddha, and said, "Bodhisattva Manjusri, the youthful Dharma Prince, is always praised by Buddhas, World-Honored Ones. When will he attain supreme enlightenment? What kind of Buddha-land will he acquire?"

The Buddha said, "Good man, you should ask Manjusri yourself."

Thereupon, Bodhisattva Lion of Thundering Voice asked Bodhisattva Manjusri, "Virtuous One, when will you attain supreme enlightenment?"

Manjusri answered, "Good man, instead of asking me whether I progress toward enlightenment, why do you ask me when I shall attain it? Why do I ask this? Because I do not even progress toward enlightenment; how then can I attain it?"

Bodhisattva Lion of Thundering Voice asked, "Manjusri, Virtuous One, do you not progress toward enlightenment for the benefit of sentient beings?"

Manjusri answered, "No. Why not? Because sentient beings are inapprehensible. If there were sentient beings, I would progress toward enlightenment for their benefit. Since neither a sentient being, nor a life, nor a personal identity exists, I do not progress toward enlightenment, nor do I regress from it."

Bodhisattva Lion of Thundering Voice asked, "Manjusri, Virtuous One, do you progress toward the Buddha-Dharma?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Manjusri answered, "No good man. All dharmas progress toward to the Buddha-Dharma. Why? Because they are devoid of defilement, bondage, shape, or form. As the Buddha abides in suchness, so do all dharmas.

"Good man, you asked me whether I progress toward the Buddha-Dharma. Now I am going to ask you some questions and you may answer as you like, What do you think? Does form seek enlightenment? Or does the basic nature of form, the thusness of form, the self-entity of form, the emptiness of form, the absence of form, or the Dharma-nature of form seek enlightenment? Good man, what do you think? Does form, the basic nature of form, the thusness of form, the self-entity of form, the emptiness of form, the absence of form, or the Dharma-nature of form attain enlightenment?"

Bodhisattva Lion of Thundering Voice answered, "No, Manjusri. Form does not seek enlightenment, nor does nor does the basic nature of form, the thusness of form, the self-entity of form, the emptiness of form, the absence of form, or the Dharma-nature of form. Form does not attain enlightenment, nor does the basic nature of from, the thusness of form, the self-entity of form, the emptiness of form, the absence of form, or the Dharma-nature of form."

Manjusri asked. "What do you think? Do feeling, conception, impulse, and consciousness [or any of the other categories] up to the Dharma-nature of consciousness seek enlightenment? Do feeling, conception, impulse, and consciousness attain enlightenment? Or does the basic nature of feeling, or any of the other [categories], up to the Dharma-nature of consciousness, attain enlightenment?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Bodhisattva Lion of Thundering Voice answered, "No, Manjusri. None of them seeks enlightenment and none of them attains enlightenment."

Manjusri asked, "What do you think? Is there an 'I' or 'mine' apart form the five aggregates?"

Bodhisattva Lion of Thundering Voice answered, "No."

Manjusri said, "It is so, it is so, good man. Then, what else can seek and attain enlightenment?

Bodhisattva Lion of Thundering Voice said, "Manjusri, Virtuous One, [usually] your words are sincerely believed by people, but now you say not to seek enlightenment, not to attain enlightenment. Novice Bodhisattvas will certainly be frightened at such statements."

Manjusri said, "Good man, there is nothing to be feared, nor is there fear in reality. It is for those who have no fear that the Tathagata teaches the Dharma. However, those who fear things will loathe them. Those who loathe things will renounce desire for them. Those who renounce desire for things will be liberated. Those who are liberated do not need enlightenment. Those who do not need enlightenment will not abide in anything. Those who do not abide in anything will not go. Those who do not go will not come. Those who do not come will have no wishes. Those who have no wishes will not regress. Those who do not regress will regress. From what will they regress? They will regress from attachment to a self, a sentient being, a life, a personal identity, nihilism, eternalism, appearance, and discrimination. Those who regress from these will not regress. From what will they not regress? they will not regress from emptiness, signlessness, wishlessness, reality, or the Buddha-Dharma.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"What is the Buddha-Dharma? It is neither detachment nor attachment. It grasps no object, enters nowhere, emerges from nowhere, practices nothing, and defies expression, It is a name only, empty and nonarising. It neither goes nor comes. It is neither defiled nor pure; it is beyond stain and stainlessness. It is egoless and nondiscriminating; it is not composite or clinging, It is equality and noncontradiction.

"Good man, the Buddha-Dharma is neither a dharma nor a nondharma. Why? Because the Buddha-Dharma arises from nowhere. If a novice Bodhisattva hears this statement and becomes frightened, he will eventually attain enlightenment. Observing this, one may think, "I must first bring froth bodhicitta and abide in [deep] realization; then I can attain Buddhahood. Otherwise, if I do not bring forth bodhicitta, I can never attain Buddhahood.' [However, actually one should not even] harbor this kind of discrimination, because both bodhicitta and Buddhahood are inapprehensible. If they are inapprehensible, how can they be observed? It they cannot be observed, the realization will not be possible. Why not? Because without observation, realization would have no [germinating] cause.[4]

"Good man, what do you think? Can empty space attain enlightenment?"

Bodhisattva Lion of Thundering Voice answered, "No."

Manjusri asked, "Good man, has the Tathagata realized that all dharmas are the same as empty space?"

Bodhisattva Lion of Thundering Voice answered, "Yes, he has."

Manjusri Said, "Good man, enlightenment is like empty space and empty space is like enlightenment. Enlightenment and empty

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

space are neither tow nor different. If a Bodhisattva knows this equality, then there will be neither that which he knows [and sees] nor that which he does not know or see."

When this doctrine was spoken, fourteen thousand monks ended their defilements and became mentally liberated; twelve myriads of monks were freed from impurity and acquired the clear Dharma-eye which sees all dharmas; ninety-six thousand sentient beings engendered bodhicitta; and fifty-two thousand Bodhisattvas achieved the Realization of the Nonarising of Dharmas.

Then, Bodhisattva Lion of Thundering Voice asked Manjusri, "How long ago did you engender bodhicitta?

Manjusri answered, "Stop! Good man, do not entertain any delusive though! In regard to the Dharma which does not arise, if a person says, 'I engender bodhicitta. I perform the deeds of enlightenment,' he holds a very wrong view. Good man, I do not see any mind which is engendered to seek enlightenment. Because I see neither mind nor enlightenment, I engender nothing."

Bodhisattva Lion of Thundering voice asked, "Manjusri, what do you mean by 'seeing no mind'?"

Manjusri answered, "Good man, 'seeing no mind' means equality."

Bodhisattva Lion of thundering Voice asked further, "Why do you say it means equality?

Manjusri answered, "Good man, it means equality because no nature of any kind exists and all dharmas are of one taste. The 'one taste'[5] means there is no attachment, no contamination,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

no purity, no nihilism, no eternaliam, no arising, no cessation, no grasping, no abandoning, no self, and no sensation. He who explains the Dharma in this way does not consider himself to be explaining anything, nor does he discriminate anything. Good man, to practice dharma -[in the sprit of] this dharma of equality is called equality. Good man, if a Bodhisattva penetrates such equality, he does not see any realm, whether it is the realm of one or the realm of many. He sees no equality in equality and no contradiction in contradiction, because they are both originally pure by nature."

Then Bodhisattva Lion of Thundering Voice said to the Buddha, "World-Honored One, Manjusri will not say how long ago he engendered bodhicitta, but everyone in the assembly is eager to hear it."

The Buddha said, "Good man, Manjusri has achieved the very profound realization of truth. In the very profound realization of truth, neither enlightenment nor mind is to be found. Because both are inapprehensible, he does not say how long ago he engendered bodhicitta. However, good man, now I am going to tell you how long ago Manjusri engendered bodhicitta.

"Good man, in the past, as many kalpas ago as the incalculable sands of seven hundred thousand Ganges Rivers and more, a Buddha named Thunderous voice Tathagata, the Worthy One, the Supremely enlightened One, appeared in the world. At that time, in the east seventy-two myriads of Buddha-lands away from here, there was a world named Nonarising, where Thunderous Voice Tathagata taught the Dharma. There were eight billion four hundred million myriads of Sravakas there, and twice as many Bodhisattvas.

